**बचत गरौं, उद्यमशील बनौं**
- बचत गरौं, सुनौलो भविष्यको आधार निर्माण गरौं,
- आफ्नो आम्दानीको केही प्रतिशत रकम बचत गरौं,
- त्यस्तो बचत भविष्यमा आपत्कालीन तथा ठूला खर्चहरू टार्न,
- व्यापार-व्यवसाय प्रारम्भ गर्न,
- सन्ततिका लागि शिक्षा, स्वास्थ्यलगायतका काममा प्रयोग गर्न,
- स्वावलम्बी र आत्मनिर्भर बन्न मदत गर्छ।

त्यसैले अनावश्यक खर्च नगरौं, बचत भएको रकमलाई उद्यमशीलतामा लगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर ०४ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 November 19 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८१

## पर्सामा इयरहेड कटिङ पिलर कीराको प्रकोप
## मधेस प्रदेशबाट विज्ञहरूको टोली आउने

धर्मेन्द्र चौरसिया, ३ मङ्सिर/

पर्सा जिल्लाका विभिन्न पालिकाहरूमा अज्ञात कीराले धानबालीलाई क्षति पुर्‍याएको समाचार प्रकाशित भएसँगै यसबारेमा मधेस प्रदेश सरकारले अनुसन्धानका लागि विज्ञको टोली पठाउने भएको छ।

कृषि मन्त्रालयले विज्ञहरूको टोली खटाउन लागेको कृषि ज्ञान केन्द्र, पर्साका प्रमुख कमलदेवप्रसाद कुशवाहाले बताए।

पर्सा जिल्लाको गण्डक नहरदेखि दक्षिणतर्फको बझियान क्षेत्रका पालिकाहरूमा किसानले लगाएका धानबालीलाई अज्ञात कीराले नोक्सान पुर्‍याएको समाचार प्रतीक दैनिकमा सोमवार प्रकाशित भएको थियो। कृषि ज्ञान केन्द्रका प्रमुख कुशवाहाले फौजी कीरा जस्तो देखिने यो कीराले धानको बाला काट्ने गरेको किसानहरूले गुनासो गरेको बताए।

उनले यो कीराको नाम 'इयरहेड कटिङ पिलर' भएको बताएका छन्। अहिले पर्सा, बारा र रौतहटमा इयरहेड कटिङ पिलर कीराले आतङ्क मचाइरहेको छ। उनले दिनभरि धानको बोटमुनि बस्ने र राति सक्रिय हुने गरेको सो कीराविरुद्ध किसानहरूले आआफ्नो क्षेत्रमा एकसाथ राति कीटनाशक औषधि प्रयोग गर्नुपर्ने सुझाएका छन्।



इयरहेड कटिङ पिलर कीराले क्षति गरेको धानबाली। तस्वीरः प्रतीक

पर्साको बझियान क्षेत्रमा अहिले इयरहेड कटिङ पिलर कीरा मार्न किसानहरूले कीटनाशक औषधि छर्न थालेका छन्। कालिकामाई गाउँपालिकाका कृषि सहायक सुदीप चौरसियाले किसानहरूले आफ्नो खेतमा कीराविरुद्ध औषधि छर्किरहेको बताए। स्थानीय कीटनाशक औषधिपसलबाट कीरा मार्ने औषधि खरीद गरेर किसानहरूले इयरहेड कटिङ पिलर कीराविरुद्ध अभियान चलाएको उनले बताए।

दिनभरि धानको बोटमुनि बस्ने र राति सक्रिय हुने इयरहेड कटिङ पिलर कीराले अहिले किसानहरूले लगाएको धानबालीलाई व्यापक क्षति पुर्‍याउँदै आएको छ। कीराको कारण किसानहरूले धानबाली काटेर धमाधम भित्र्याउँदै गरेको बुझिन आएको छ। बालालाई काटेर खेतमा झार्ने गरेकोले ठूलो मात्रामा धानबालीको क्षति भइरहेको स्थानीय किसानहरू बताउँछन्। कीरा नलागेको भए अझै केही दिनपछि बाली भित्र्याइन्थ्यो तर कीराकै कारण धानबाली हतारहतार काटेर भित्र्याउनुपरेको धोबिनी गापाका किसान सञ्जय साहले बताए।

गण्डक नहरको उत्तरतर्फ रहेका ठोरी, जीराभवानी, पटेर्वासुगौली, पर्सागढीलगायतका थरुहट क्षेत्रमा भने इयरहेड कटिङ पिलर कीराको प्रकोप नरहेको किसानहरू बताउँछन्। त्यहाँका किसानहरूमध्ये अधिकांशले धानबाली भित्र्याइसकेका र थोरै मात्र किसानले धानबाली भित्र्याउन बाँकी छ। तर बझियान क्षेत्रका बहुदरमाई, पोखरिया नपा, सखुवाप्रसौनी, विन्ध्यवासिनी, छिपहरमाई, धोबिनी, पकाहामैनपुर, कालिकामाई गापामा इयरहेड कटिङ पिलर कीराले व्यापक क्षति पुर्‍याएको देखिन्छ।

## पर्साका सहकारीहरू कम जोखिममा –अध्यक्ष पडित
## सानो पाइला प्रकरणमा रवि लामिछानेको नाम छैन –प्रमुख कर्ण

प्रस, वीरगंज, ३ मङ्सिर/

पर्सा जिल्लामा रहेका बचत तथा ऋण सहकारी संस्थाहरूमा जोखिम कम रहेको जिल्ला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष राजेश पडितले बताएका छन्।



प्रमुख सुनील कर्ण

उनले पर्सा जिल्लामा बचत तथा ऋण सहकारी संस्थाहरूको सङ्ख्या करीब २७५ रहेको र तीमध्ये २१७ वटा जिल्ला बचत तथा ऋण सहकारी संस्थामा आबद्ध रहेको बताए। पछिल्लो समयमा वीरगंजको ठूलो बचत तथा ऋण सहकारी संस्थामध्ये सानो पाइला समस्याग्रस्त घोषित भएको र थप दुईवटा बचतकर्ताहरूको रकम लिएर भागेकाबाहेक सञ्चालनमा रहेका बचत तथा ऋण सहकारी संस्थाहरू जोखिममा नरहेको बताएका छन्।

उनले जोखिममा देखिएका बचत तथा ऋण सहकारी संस्थामा आफूहरूले निगरानी बढाएको र बचतकर्ताको रकम नडुबोस् भन्नेतर्फ विशेष ध्यान दिंदै आएको बताए। उनले देशभरिमा अहिले १८ थरीका सहकारी संस्था सक्रिय रहेको र उनीहरूको सङ्ख्या ३१ हजार ८०० रहेको तथा त्यसमध्ये बचत तथा ऋण सहकारी संस्थाको सङ्ख्या १४ हजार रहेकामा सयभन्दा पनि कम सहकारीहरूमा समस्या देखिएको हालै सम्पन्न सहकारी संस्थाको महाधिवेशनमा प्रस्तुत प्रतिवेदनमा उल्लेख गरिएको बताए।

उनले पर्सा जिल्लामा १८ थरीका सहकारीमध्ये अहिले तीन थरीका सहकारी सञ्चालनमा रहेको अध्यक्ष पडितले बताए।

**महानगरमा २१६ वटा सहकारी**

यता वीरगंज महानगरपालिका कार्यालयको सहकारी महाशाखा प्रमुख सुनील कर्णले भने- महानगरपालिकामा २१६ वटा सहकारी संस्था रहेकामा १० वटा बन्द भएको, १० वटा जतिमा समस्या देखिएको र बाँकी सहकारीहरू जोखिमरहित अवस्थामा सञ्चालनमा रहेको बताएका छन्।



अध्यक्ष राजेश पडित

उनले सञ्चालित सहकारीहरूले आफ्नो आय-व्यय महानगरपालिका कार्यालयलाई उपलब्ध नगराएको बताए। वार्षिक साधारणसभामा निमन्त्रण गर्ने सहकारीहरूको आय-व्यय मात्र आफूहरूलाई थाहा हुने गरेको प्रमुख कर्णले बताए।

वीरगंजको सानो पाइला सहकारीमा बचतकर्ताहरूको करोडौं बचत देखिएको र सो सहकारीका सञ्चालक जिबी राईलगायतका सञ्चालकहरूविरुद्ध उजूरी परे पनि त्यसमा हाल सहकारी विवादमा चर्चित राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष एवं सांसद रवि लामिछानेको नाम नरहेको बताए।

## पर्यटनमन्त्रीलाई गढीमाई मेलाबारे थाहा छैन –नगरप्रमुख यादव

प्रस, परवानीपुर, ३ मङ्सिर/

बारा जिल्ला महागढीमाई नगरपालिकाका प्रमुख उपेन्द्र यादवले पशुबलिका लागि विश्वमैं प्रसिद्ध गढीमाई मन्दिर र मेलाका बारेमा नेपालका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेलाई जानकारी नभएको बताएका छन्।



उनले नेपालका मन्त्रीलाई त्यो पनि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीलाई विश्वप्रसिद्ध नेपालको बारा जिल्लास्थित गढीमाई मन्दिर र पञ्चवर्षीय मेलाको बारेमा जानकारी नभएको सुन्दा आश्चर्य लागेको बताए। मङ्सिर १ गतेदेखि शुरू भएको विश्वप्रसिद्ध गढीमाई मेलाको बारेमा मन्त्री पाण्डेलाई जानकारी गराएर मन्त्रालयको तर्फबाट आवश्यक सहयोग र प्रचारप्रसारका लागि आग्रह गर्दा मन्त्री पाण्डेले गढीमाई मन्दिर र मेलाबारेमा अनभिज्ञता जाहेर गरेको बताए।

नगरप्रमुख यादव गढीमाई मेला सञ्चालक समितिका अध्यक्ष पनि हुन्। महागढीमाई नपा-२ बरियारपुरमा यसपटकको पञ्चवर्षीय मेला शुरू भइसकेको छ। यही मङ्सिर २३ गते राँगा र २४ गते बोकालगायतका पशुपक्षीहरूको बलि दिने मिति तय भएको छ।

उनले गढीमाई मेलाका लागि सङ्घ र प्रदेश सरकारबाट पनि सहयोग नभएको दुःखेसो पोखे। मेलाको लागि महागढीमाई नपाबाट ५० लाख सहयोग गरिएको र सो रकम मेला सञ्चालनका लागि अपुग हुने उनले बताए। बारा क्षेत्र नं २ मा पर्ने बरियारपुरको गढीमाई मेलाप्रति सो क्षेत्रबाट निर्वाचित सांसद एवं जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले पनि बेवास्ता गरेको उनले आरोप लगाए।

केही दिन अघि मात्र बारा जिल्लामा आएका सांसद यादवले कलैया, सिम्रौनगढको कार्यक्रममा पुगेर समय दिएको तर आफ्नो क्षेत्रको ऐतिहासिक, धार्मिक विश्वप्रसिद्ध मेलामा चासो नदेखाएको आरोप लगाए। मेला शुरू भएको जानकारी भएर पनि उनी कार्यक्रमस्थलमा नआएको आरोप लगाए। उनले कलशयात्राको लागि पनि सांसद यादवलाई निमन्त्रण गर्दा पहाडमा कार्यक्रममा व्यस्त रहेको भनेर गढीमाई मेलाको कलशयात्रामा सहभागी हुन नआएको आरोप लगाएका छन्। उनले क्षेत्रका सांसदले मेलाका लागि स्रोत साधन जुटाउन मदत गर्नुपर्नेमा वास्ता नगरेको भनी दुःखेसो पोखे।

फरक प्रसङ्गमा नगरप्रमुख यादवले पालिकाको बजेट लिन सङ्घ र प्रदेश सरकारका मन्त्री, कर्मचारीहरूले कमिशन लिने गरेको आरोप लगाएका छन्। उनले आफ्नो पालिकाको बजेट लिनका लागि सङ्घ र प्रदेश सरकारका मन्त्रीहरू, कर्मचारीलाई कमिशन दिंदै आएको बताए। सम्बन्धित मन्त्रीहरूले कमिशन लिने अनि अर्थमन्त्रीले पनि त्यसमा भाग खोज्ने, कर्मचारीहरूले पाँचदेखि १५ प्रतिशत निर्धारण गरिएको कमिशन लिएर मात्र बजेट पठाउने जस्ता कार्यले विकास हुने र देशमा समृद्धि आउने कुरा फगत सुन्नमा मात्र राम्रो लागि लाग्ने बताए।

उनले सबै तह र तप्कामा भ्रष्टाचारले जरो गाडिसकेको र यस्तो जरो नफुस्काएसम्म विकास र समृद्धिको कुरा जनता झुक्याउने अस्त्रको रूपमा मात्र हेरिनुपर्ने बताए। उनले मन्त्री, कर्मचारीहरूको यो चालाले युवाहरूमा नैराश्यता छाएको र राजनीतिप्रति घृणा बढिरहेको बताए।

## निजी स्रोतमा विषयगत शिक्षक नियुक्त भएपछि विवाद साम्य

प्रस, परवानीपुर, ३ मङ्सिर/

वीरगंज महानगरपालिका-१६ नगवास्थित नेपाल राष्ट्रिय माविको विवाद साम्य भएको छ।



टायर बालेर विरोध गर्दै विद्यार्थीहरू। तस्वीरः प्रतीक

सो विद्यालयका प्रधानाध्यापक रामनारायण मिश्रले विषयगत शिक्षकको विषयलाई लिएर सोमवार बिहान कक्षा ९ र १० का विद्यार्थीहरूले तालाबन्दी गरेर विद्यालयबाहिर प्रदर्शन गरेकामा आजैदेखि विषयगत शिक्षक निजी स्रोतमा बहाल गरेर विवाद साम्य पारेको बताए।

वीरगंज महानगरपालिका शिक्षा महाशाखाले तीन महीना अघि शिक्षकहरूको दरबन्दी मिलान गर्दा नेरामावि नगवाका लेखा र अर्थशास्त्र विषयका शिक्षकको अन्यत्र सरुवा गरेको थियो। सोही अवधिदेखि उक्त विद्यालयमा विषयगत शिक्षकको अभाव थियो। अहिले चाडपर्व सकिएपछि पनि विद्यालयमा विषयत शिक्षक नपठाउँदा अध्ययनमा समस्या भएको भन्दै कक्षा ९ र १० का विद्यार्थीहरूले विरोध प्रदर्शन गरेका हुन्।

विद्यार्थीहरू बिहान विद्यालयमा आएका र सोमवार अकस्मात् राष्ट्रिय शोकमा सार्वजनिक बिदा भनेर जानकारी गराइएपछि विषयगत शिक्षकहरूको कुरा उठान गरी विवाद गरेर विद्यालयमा तालाबन्दी गरी बाहिर टायर बालेर विरोध प्रदर्शन गरेको प्रअ मिश्रले बताए।

विद्यार्थीहरूको प्रदर्शनबारेमा महानगरप्रमुख राजेशमान सिंहले चासो देखाएको उनले बताए। आफूले आजै दुवै विषय पढाउने गरी एकजना शिक्षकलाई निजी स्रोतबाट तलब खुवाउने गरी नियुक्त गरेर हाजिर गराएको र भोलिदेखि नियमितरूपमा कक्षा सञ्चालन हुने उनले बताए।

बिहानदेखि शुरू भएको विद्यार्थीहरूको विवाद दिउँसो ३ बजे स्थानीय भद्रभलादमीहरूको रोहबरमा निजी स्रोतका शिक्षकलाई हाजिर गराएपछि साम्य भएको प्रअ मिश्रले जानकारी गराए।

**विचारसार र सुक्तिहरू**

**राक्षस पनि हुन्छ सत्य हो, भूत पनि हुन्छ, त्यो पनि सत्य हो। तर ती हामीभित्रै छन् र कहिलेकाहीं हामीमाथि विजय प्राप्त गर्छन्।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# उपेक्षित किसान

**नेपालमा अर्थतन्त्रको मेरुदण्ड मानिने कृषि क्षेत्रलाई राज्यले सधैं उपेक्षा गरेको छ। खाद्य सुरक्षा सुनिश्चित गर्ने र आर्थिक वृद्धिमा योगदान गर्ने किसानहरू समयमैं आवश्यक सेवा, स्रोत र सहयोग पाउनबाट वञ्चित छन्। कृषि विकासका लागि ठूलठूला योजनाहरू वाचा गरिए पनि ती योजना कार्यान्वयनको अवस्था अत्यन्तै सुस्त छ।**

**नेपालका किसानहरू अझै पनि परम्परागत खेती प्रणालीमा भर पर्नुपरेको हुँदा उत्पादनलाई उल्लेखनीयरूपमा सुधार गर्न सकेको छैन। उनीहरू आधुनिक प्रविधि अपनाउन असमर्थ छन्। बजार विस्तारको सम्भावना प्रशस्तै हुँदा पनि सरकारले आवश्यक मार्गदर्शन र सहयोग दिन सकेको छैन। कृषि ज्ञान तथा दक्ष जनशक्तिको अभावका कारण कृषि बालीमा सङ्क्रमित रोग र कीराको प्रकोपलाई रोकथाम गर्न किसानले सकिरहेका छैनन्। किसानलाई प्रविधि र ज्ञानले सुसज्जित गराउने उद्देश्यले स्थापना गरिएका कृषि ज्ञान केन्द्रहरूले आशाअनुरूप काम गर्न सकेका छैनन्।**

**समयमा मल र बीउको उपलब्धता कृषि कर्मका लागि अत्यावश्यक छ। तर नेपाली किसानहरूले पैसा तिर्दा पनि समयमैं मल प्राप्त गर्न सकेका छैनन्। प्रायः सरकारद्वारा वितरण गरिएका सहुलियत दरका मल, बीउ खेतीको समय सकिएपछि मात्रै किसानसम्म पुग्ने गरेका छन्। यस समस्यालाई सिंचाइ सुविधाको अभावले थप जटिल बनाएको छ। नेपालमा कृषियोग्य जमीनमध्ये केवल २८ प्रतिशत जमीनमा मात्रै नियमित सिंचाइको सुविधा छ। कृषियोग्य अधिकांश जमीन आकाशे पानीमा निर्भर छन्। जसको कारण कम उत्पादन र उच्च जोखिम मोलेर कृषि कर्म गर्न किसान बाध्य छन्। कृषि बालीमा रोग र कीराको प्रकोप किसानको लागि अर्को चुनौती हो। हालै धान किसानहरूलाई 'इयरहेड कटिङ पिलर' नामक कीराको प्रकोपले ठूलो क्षति पुर्‍याएको छ। पाक्न लागेको धानमा यो कीराले व्यापक नोक्सानी पुर्‍याएपछि किसानको श्रम र आर्थिक लगानी साँवासमेत डुब्ने अवस्थामा पुगेको छ। समयमा समस्या समाधानतर्फ सरकार उदासीन रहँदा हजारौं हेक्टर धानबाली नष्ट भएका छन्। मेहनत गर्दा गर्दै पनि बालीमा कुनै समस्या देखियो भने सूचना दिने काम किसानको हो, रोग पहिचान र निदानको उपाय पत्ता लगाउने काम सरकारको हो। तर किसानले समस्या समाधानका लागि सरकारी कार्यालयमा बारम्बार गुहार गरे पनि बाली खेर जान्छ, सङ्कट समाधान हुन सक्दैन।**

**छिमेकी मुलुक भारतमा रोग प्रकोप देखिएमा स्थानीय कृषि कार्यालयहरूले निशशुल्क प्राविधिक सहयोग र आवश्यक सामग्री उपलब्ध गराइ किसानलाई तुरुन्तै सहयोग गर्ने व्यवस्था छ। हाम्रा छिमेकी मुलुकहरू भारत र चीन तथा आसपासका भुटान, बङ्गलादेश, म्यानमालगायतका मुलुकहरूले आफ्ना किसानहरूलाई प्राथमिकताका साथ सेवा, सुविधा र अनुदान उपलब्ध गराइरहेका छन्। भारतमा किसानले नगद अनुदान पाउँछन्, समयमा मल र बीउको वितरण, सिंचाइ सुविधा साथै विज्ञहरूको परामर्श पाउने गरेका छन्। चीनमा कृषि निगरानी र कीरा नियन्त्रणका लागि निश्शुल्क ड्रोनको प्रयोगले उत्पादनमा सुधार ल्याएको छ। भुटानमा सरकारद्वारा किसानहरूलाई जैविक खेती गर्न हरतरहको सहयोग प्रदान गरिएको छ। नेपालमा भने किसानहरूका नाममा सहुलियतमा आएका मल, बीउ र उपकरणमा समेत भ्रष्टाचार र अनियमितताको कारण गैरकिसानहरूको हातमा पर्ने गरेको छ।**

# प्रतिशोधको राजनीतिमा रवि कोपभोजन

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला Phd
rajendrakoirala20@gmail.com


**जसले जेसुकै भनोस्, रवि जनताको आशा र भरोसा हुन्, जनताले प्रचुर बहुमतले जिताएको एक हिम्मतिलो छोरा हुन्। अझै पनि जनताको झिनो आशा छ कि न्यायालयले अन्याय गर्ने छैन। अन्यथा भोलि को कहाँ पुग्छ त्यो भविष्यले मात्र बताउन सक्छ।**

काङ्ग्रेसका विश्लेषक पुरञ्जन आचार्य भन्छन् दुई ठूला दलले अब कुनै कारणवना कसैलाई हिरासतमा राख्न सक्छन्। भ्रष्टाचारविरुद्ध आवाजले अब दुवै दललाई सिध्याउने भो भन्ठानेर उनीहरूबीच साठगाँठ भएर नितान्त प्रतिशोधको राजनीति सञ्चालन हुँदैछ। राज्य पक्ष लाग्यो भने जसलाई पनि कुनै पनि बेला जेल सडाउन सक्छ भन्ने घिनलाग्दो राजनीति यो देशमा शुरू भएको छ।

रविको आगमनले विशेषगरी काङ्ग्रेस पङ्क्तिमा ठूलो भुइँचालो आएको कुरा नकार्न सकिन्न। दुई महीनासम्म गगन थापा एन्ड कम्पनीले संसद् अवरुद्ध पारी संसदीय समितिको गठन गर्ने साह्रै अप्रजातान्त्रिक प्रक्रिया शुरू गर्‍यो, यसले भोलि अख्तियार, सिआबी, प्रहरी प्रशासन सबैलाई पङ्गु बनाउने छ। आखिर किन यसरी रवि लामिछानेलाई मात्र खेदो गरेको भन्दा यस दललाई गलाएर आफ्नो वर्चस्व कायम गर्न सकिन्छ भन्ने मात्र हो।

देशलाई यी दुई दलले कसरी खोक्रो परेका रहेछन् भन्ने कुरा जनताले त्यतिखेरदेखि थाहा पाउन थाल्यो, जबदेखि संसद्मा रास्वपाको उपस्थिति भयो। जसरी यिनीहरूले दुर्गा प्रसाईंलाई अस्पातलको अनुमति दिन ७ वर्षसम्म दुःख दिए, त्यसैगरी रवि र बालेनलाई दुःख दिन खोजिरहेका छन्। काण्डैकान्डले विभूषित यी दलहरूले ३७ वर्षदेखि शासन गर्दा पनि देशका लागि माखो मार्न सकेका छैनन्। अझ मधेस प्रदेशका भ्रष्टाचारका गाथाहरूको फेहरिस्त त कत्ति हो, कत्ति। अब मधेस पनि चाँडै जाग्नेछ र जुरुक्कै उठने छ, भराष्टाचारीहरूविरुद्ध।

काङ्ग्रेस र एमालेको नियोजित ग्रान्ड डिजाइनले अहिले रविलाई फसाएको छ भन्ने कुरा एमाले र काङ्ग्रेसकै समर्थकहरू खुलारूपले भनिरहेका छन्। न्यायालयबाट अब जनताको विश्वास नै मरिसक्यो, यसको व्याख्या पूर्व मुख्य न्यायाधीश सुशीला कार्कीले धेरै सार्वजानिक कार्यक्रममा भनिसकेकी छन् र जसरी राजनीतिक दलको आडमा न्यायाधीशहरूको नियुक्ति हुन्छ, त्यसबाट निष्पक्ष न्यायको आशा गर्नै सकिंदैन।

रवि लामिछाने देशका होनहार युवा हुन् र उनमा राजनीतिक चेतना पनि उच्चस्तरको छ। उनी वाक्‌कलाका लागि प्रख्यात र गिनिज बूकमा नाम लेखाउन सफल भएका युवा हुन्। त्यसो त उनले देश–विदेशमा विभिन्न काम गरे। उनको स्वभाव पहिलेदेखि नै चर्चामा आउन जेजस्ता परिस्थितिको सामना गर्न तयार हुने खालको थियो। उनले टेलिभिजनमा लामो समय काम गरे र त्यहाँ काम गर्दा प्रत्यक्षरूपमा जनतासँग सरोकार राख्ने विषयवस्तु कोट्याउँदै राम्रा वा नराम्रा जेजस्ता गतिविधि गरेर भए पनि अधिकांश जनताको नजरमा राम्रो काम गर्ने छाप पारे। यही कारणले उनको जनमत बलियो भयो र सामाजिक सञ्जालमा समेत उनी भाइरल भए। यसले गर्दा उनमा राजनीतिमा लाग्ने सोच आयो। दलहरूप्रतिको वितृष्णाले ग्रस्त समाजमा केही जनपक्षीय काम गर्ने सोचले उनले आफ्नै पार्टी खोल्ने निर्णय गरे त्यो पनि निर्वाचनको मुखमा र जनताको विश्वास आर्जन गर्न सफल पनि भए।

चुनावमा रविलाई नसोचेको परिणाम आयो। उनको पार्टी कल्पना पनि नगरेको सफलता हात पार्दै संसद्मा छिर्न सफल भयो, त्यो पनि चौथो ठूलो शक्तिका साथ। सरकार गठनको क्रममा पनि उनले चासो राखे र बार्गेनिङ पावर उपयोग गर्दै गृहमन्त्री बन्ने प्रस्ताव राखे। रवि एकाएक यसरी रवि चम्किए कि उनका फलोअर्सले समेत उनको निकै गुनगान गाए र थप हौसला दिने काम गरे। रवि यसरी एकाएक चम्केको विपक्षी दललाई मन पर्ने कुरै भएन र उनका विगतका कामकारबाई कोट्याउन थालियो। अब बिस्तारै रविका विगतका कर्तुतहरू देखिन थाले। जसरी उनी उदाएका थिए उनको विगत त्यति स्वच्छ र सुखद रहेन छ। उनको नागरिकता, पासपोर्ट र सहकारीसम्बन्धी काण्ड यति बलियो भएर प्रमाणसहित आयो कि यसले उनलाई गलाउँदै लैजान थाल्यो। यसलाई ढाकछोप गर्न प्रखर वाक्‌कला भएका रविलाई पनि धौंधौ पर्‍यो र नागरिकताको केसमा चिप्लिए। यही काण्डले उनको सांसद पद गयो तर पुनः चुनाव लडेर जितेर संसद्मा छिर्नेसम्मका घटनाहरू घटे।

सरकार, संसद्, छानबिनका निकायहरू र सुरक्षा निकायको शङ्कामा रहिरहेका उनी यति बेला फन्दामा परेका छन्। सहकारी रकम ठगीमा उजूरी परेपछि र तत्कालीन प्रतिपक्ष नेपाली काङ्ग्रेसले अडान लिएपछि संसदीय छानबीन समिति बन्यो तर उक्त समितिले रविलाई दोषी देखाउन सकेन। तथापि ठूला दलहरूको साठगाँठ बन्यो। जसरी पनि यसलाई जेल कोच्नैपर्छ नत्र हाम्रो राजनीति स्वाहा हुन्छ। अन्ततः उनी पक्राउ परे। तर उनी स्वयं, उनको पार्टी, विपक्षी दल तथा शुभेच्छुकहरूले रविको पक्राउलाई राम्रो मानिरहेका छैनन् र उनको पक्षमा बोलिरहेका छन्। रास्वपाले त आधिकारिक निर्देशन नै जारी गरेर सम्पूर्ण शक्ति पहिले पोखरा र अहिले काठमाडौंमा केन्द्रित गरेको छ।

पोखरामा दिनहुँ आन्दोलन, धर्ना, कोणसभा र दबाबमूलक विभिन्न कार्यक्रमहरू गरेर निर्दोष रविलाई छाड्नुपर्ने र ओली सरकार ढल्नुपर्ने जिद्दी कसिरहँदा त्यसको निरन्तरता अहिले काठमाडौंले समेत देखाएको छ। रवि निर्दोष हुन् तर उनलाई फसाउन सरकार, सत्तापक्षीय दलहरू, अदालत, सुरक्षा निकाय सबै कसिएर लागेका छन् भनेर उनका समर्थकहरू नियमित भाषण गरिरहेका छन्।

कोही दोषी छ भने उसले सजाय पाउनुपर्छ र दोषी भए/नभएको अन्तिम फैसला न्यायालयले गर्छ। यो मुद्दा अदालत पुगिसकेकोले अब अदालतको फैसला कुर्नुबाहेक अन्य कुनै पनि उपाय नभएकोले अनावश्यक रोइलो बेकार रहेको मान्ने मानिस पनि पर्याप्त छन्। सहकारी ठगीमा रवि दोषी ठहरिएलान् वा नठहरिएलान्, सुरक्षा निकायको अनुसन्धानले खोज्ने र अन्तिम टुङ्गो अदालतले लगाउने छ। तर, यसरी प्रक्रियागत तरीकाले अघि बढिरहेको मुद्दामा भाँजो हाल्न, अदालतका र स्वतन्त्र छानबीन प्रक्रियामा अवरोध गर्न, प्रभाव पार्न र सर्वसाधारणलाई अन्योलमा राख्न रास्वपाले गरेको प्रदर्शन ठीक होइन भन्ने मठाधीशहरूको पनि यहाँ कमी छैन। विभिन्न दलका ठूलाबडा नेताहरूलाई पनि यस्ता आरोप लाग्ने गर्छन् र त्यस्ता आरोपमाथि छानबीन हुँदा दोषी भएमा नियमानुसार सजाय पाएको र दोषी नभए सफाइ पाएको उदाहरण प्रशस्त छन्।

यो प्रपञ्च देशका दुई ठूला दल र अदालतसमेत मिलेर गरिएको हो भनेर आरोप लागिरहेको छ। के रविविरुद्ध यो आरोप सही हो? के रविलाई फसाएर उनी र देशको वैकल्पिक राजनीतिक दलको रूपमा उदाउँदै गरेको दललाई नामेट बनाउन चालिएको चाल हो? के यसमा राजनीतिक दलहरू, सबै निकाय रविविरुद्ध जाइलाग्न र उनलाई फसाउन मिलेका छन्?

सरकार ढल्नुमा रविले भ्रष्टाचारका फाइलहरू धमाधम खोल्दै जानु, ठूला–ठूला काण्डमा ठूला–ठूला नेताकै नाम आउन थाल्नु, ठूला नेताहरू नै पक्राउ पर्ने सम्भावना बढ्नु र अर्कातिर संसद्मैं रविलाई सहकारी ठगको आरोप लगाई नाङ्गेझार पार्नु, प्रमुख प्रतिपक्षी दलले संसदीय छानबीन समितिको माग राखेर महीनौं संसद् अवरुद्ध पार्नु, रविलाई जेलमा नहाली नछाड्ने अभिव्यक्ति दिनु सबै शङ्काको घेराभित्र रहेका गतिविधि हुन्। यसैक्रममा सहकारी रकम अपचलनमा रविको नाममा किटान गरी जाहेरी पर्नु, दुई ठूला दल साठगाँठ गरी सरकार गठनको प्रक्रियामा जानु, संसदीय समिति बन्नु, आरोप कार्यान्वयन गर्न हतारो गर्नु, रविलाई पक्राउ पक्राउ गर्नु मुख्य उदाहरण हुन्।

तथापि, रवि पक्षबाट पनि अदालतबाट फैसलाको प्रतीक्षा गर्नुपर्नेमा सरकारविरुद्ध विषवमन गर्दै सम्पूर्ण शक्ति प्रदर्शन गर्नुजस्ता गतिविधि सुपाच्य छैन। यस्ता गतिविधिले दुवै पक्ष शङ्काको घेरामा पर्छन्। आखिर यो केसमा दोषी को होला, रवि वा सरकार पक्ष?

रास्वपालाई यो एउटा अवसर प्राप्त भएको हो, जुन रविमाथि लागेका सबै आरोप समाधान गर्ने माध्यम बन्न सक्छ। रास्वपाले त यतिबेला सरकारलाई, सुरक्षा निकायलाई र अदालतलाई सहयोग गर्ने समय हो। किनकि रास्वपालाई रविले कुनै गल्ती नगरेको कुरामा पूर्ण विश्वास भए जसले जतिसुकै छानबीन गरे पनि उनी निर्दोष नै साबित हुन्छन.। उनलाई कतै फसाउनै लागिएको रहेछ भने त्यो एकदिन छर्लङ्ग हुने नै छ। यसरी नबिराउनु नडराउनु भन्ने उखान चरितार्थ हुने थियो। अन्त्यमा,


जसले जेसुकै भनोस्, रवि जनताको आशा र भरोसा हुन्, जनताले प्रचुर बहुमतले जिताएको एक हिम्मतिलो छोरा हुन्। अझै पनि जनताको झिनो आशा छ कि न्यायालयले अन्याय गर्ने छैन। अन्यथा भोलि को कहाँ पुग्छ त्यो भविष्यले मात्र बताउन सक्छ।

# चलचित्र हेरेपछि लाग्योः आँसुमैं बग्यो 'पूर्णबहादुरको सारङ्गी'को मुद्दा

मधु शाही/रासस

"हेलो ! मधु जी नमस्कार। फिल्म प्रदर्शन भएको तीन दिन भइसक्यो, केही लेखिदिनुपर्‍यो," तिहारताका चलचित्र पूर्णबहादुर सारङ्गीका 'हीरो' विजय बरालले फोनमार्फत भनेका थिए। उनको फोन आउँदा मर्दी हिमालको पदयात्रामा थिएँ। नेटवर्कको समस्याले आवाज राम्रोसँग सुनिएन। मैले काठमाडौं फर्किएपछि लेखौंला भनेर फोन राखिदिएँ। चार दिनको पदयात्रा पूरा गरेर काठमाडौं फर्किंदा फिल्मको बारेमा चर्चा नगर्ने सायदै कोही थिए। चर्चा मात्रै होइन फिल्म हेरेर सामाजिक सञ्जालका भित्तामा आँसु खसालेका दृश्य पनि सँगसँगै राखिरहेका थिए।

नेपाली कलाकारिता क्षेत्रमा विजय बराल नौलो नाम होइन तर यो तहको चर्चा सायद पहिलोपटक भएको होला। अझ भनौं उनी एकाएक चर्चित भए। सामाजिक सञ्जालमा चलचित्र हेरेर रुँदै हलबाट निस्किने दृश्यले बरालको अभिनयको प्रशंसा जतातत्तै भइरहेको थियो। मैले चलचित्र हेरेकी थिइनँ। त्यसैले रुने कुरा पनि भएन।




हल सबै 'हाउसफुल' थिए। एक साता धैर्य गरें। यद्यपि हल भरिएकै छ। जसरी बरालले फिल्म चलेन भनेर फोन गरेका थिए, मैले उसैगरी उनलाई फोन गरेर भने, "विजयजी फिल्म हेर्न पाइनँ, सबै हाउसफुल छ। कसरी समीक्षा गरौं?" उनले निकै हार्दिकताले भने, "म मिलाउँछु नि !"

बराल अभिनयमा जति अब्बल छन्, यति नै उनको लचिलो मानवीय स्वभाव छ। झन्डै १६ वर्षदेखि मण्डला थिएटरमा उनले रङ्गकर्मीका रूपमा निरन्तर गर्दै आएको सङ्घर्ष र अभिनयप्रतिको लगाव मैले प्रत्यक्ष देख्ने र लेख्ने अवसर पाएकी छु। अभिनय नै सबैथोक मान्ने कलाकारमध्ये उनी पनि एक हुन्। जतिबेला नाटक मञ्चन गरी थिएटरबाट बाहिर निस्किन्थिए, उनको मप्रति उल्टो प्रश्न हुन्थ्यो, "मधुजी, मलाई प्रशंसा गरेर नलेख्नु। जे महसूस हुन्छ, यथार्थ आलोचनात्मक लेख्नु है !"

जुन कलाकारले कटु आलोचनालाई पचाउन सक्दैन, ऊ धारिलो हुँदैन। विजय बराल यस सन्दर्भमा असाध्यै लचिला कलाकार हुन्। उनी अभिनीत पूर्णबहादुरको सारङ्गीको लोकप्रियताले

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# ऊर्जा मन्त्रालयले कार्यान्वयनमा ल्यायो ‘कन्टिन्जेन्सी रकम खर्च गर्नेसम्बन्धी कार्यविधि’

काठमाडौं, ३ मङ्सिर/रासस

सरकारले निर्माण कार्यको अनुमगन, सुपरिवेक्षण, सञ्चालन तथा परामर्श सेवाका लागि आवश्यक पर्ने अस्थायी प्रकृतिको जनशक्ति व्यवस्थापनका लागि ‘कन्टिन्जेन्सी रकम खर्च गर्नेसम्बन्धी कार्यविधि, २०८१’ कार्यान्वयनमा ल्याएको छ ।

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री दीपक खड्काले मन्त्रिस्तरीय निर्णयमार्फत सो कार्यविधि कार्यान्वयनमा ल्याएका हुन्। सो कार्यविधि यही मङ्सिर २ गते मन्त्रालयले स्वीकृत गरेको छ । मन्त्रालयका सहसचिव इन्दिरा दाहाल संयोजक रहेको एक कार्यदलले सो कार्यविधि तयार पारेको थियो ।

कार्यदलमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव मुना शर्मा, जलस्रोत तथा सिंचाइ विभागका उपसचिव विष्णुदेव यादव, विद्युत् विकास विभागका उपसचिव सुवर्ण खनाल, जल तथा मौसम विज्ञान विभागका उपसचिव निराजन सापकोटा सदस्य थिए ।

यस्तै, ऊर्जा मन्त्रालयको कानून तथा फैसला कार्यान्वयन शाखाका उपसचिव खिमानन्द ज्ञवाली सदस्यसचिव थिए । सो कार्यदलले दिएको प्रतिवेदनका आधारमा कार्यविधि कार्यान्वयनमा ल्याइएको हो। कार्यविधि अनुसार विवाद समाधान, प्रोत्साहन, अध्ययन, अनुसन्धान तथा परामर्श, कार्यालयका लागि आवश्यक जनशक्ति व्यवस्थापन, मानव संसाधन विकासलगायतमा हुने खर्चलाई सहज बनाइनेछ ।

निर्माणसँग सम्बन्धित बोलपत्रको प्रस्तावको तयारी, सूचना प्रकाशन, इन्धन, स्टेशनरी, फर्निचर, टेलिफोन, विद्युत् तथा पानी महसूल, सवारीसाधन, औजार तथा उपकरण खरीद वा भाडा, मर्मतसम्भारका लागि सहज हुनेछ ।

कन्टिन्जेन्सी रकम निर्माण, परामर्श, वस्तु खरीद र जडानको नियमित सुपरिवेक्षण तथा अनुगमन गर्ने प्रयोजनका लागि सवारीसाधन, औजार तथा उपकरण खरीद गर्न कन्टिन्जेन्सी रकमको बढीमा २५ प्रतिशत रकम छुटयाइ कार्यालयले विभागमा पठाउन सक्नेछ। सो रकमबाट सम्बन्धित विभाग वा कार्यालयले अर्थ मन्त्रालयको सहमति लिई सवारीसाधन खरीद गर्न सक्ने व्यवस्था गरिएको छ ।

उपकरण तथा सवारीसाधन खरीदका लागि कार्यालय तथा विभागमार्फत कुल कन्टिजेन्सी रकमको अधिकतम ४० प्रतिशतसम्म खर्च गर्न सकिने व्यवस्था कार्यविधिमा गरिएको छ। कार्यविधिले बढीमा रु २० लाखसम्म विनियोजित बजेट भएका धेरै योजना हुने बजेट उपशीर्षकहरूको हकमा कन्टिजेन्सी रकम खर्च गर्दा सम्बन्धित बजेट उपशीर्षकमा एकमुस्ट खर्च जनाउन सकिने प्रबन्ध गरेको छ। त्यस्तो एकमुस्ट खर्च रकमलाई समानुपातिकरूपमा बाँडफाँड गरी प्रत्येक ठेक्काको नापी किताबमा कन्टिजेन्सी खर्च प्रविष्ट गर्नुपर्नेछ ।

कार्यविधि अनुसार आयोजना सञ्चालन हुने क्षेत्रको भौगोलिक अवस्था, आयोजना क्षेत्र वरिपरि सोही आयोजनाले सञ्चालन गर्नुपर्ने अन्य आयोजनाहरू, कार्यको जटिलता तथा कार्यबोझ, सुपरिवेक्षकका लागि चाहिने योग्यता, प्राविधिक क्षमता, जनशक्तिको उपलब्धतालाई ध्यान दिएर लागत अनुमान तयार गर्नुपर्नेछ । कन्टिजेन्सी रकम खर्च गर्नेसम्बन्धी निर्देशिका, २०७७ बमोजिम भए गरेका कामकारबाहीलाई समेत कार्यविधि बमोजिम भएको मानिनेछ ।

कन्टिजेन्सी रकम खर्च गर्दा मितव्ययी बन्नुपर्ने, खर्च रकमको अभिलेख अद्यावधिक गरी राख्नुपर्ने, प्रचलित कानूनको परिपालना गर्नुपर्ने कार्यविधिमा उल्लेख छ । विकास निर्माणलाई थप प्रभावकारी बनाउने र मन्त्रालय मातहतका आयोजनालाई थप गति दिने लक्ष्यका साथ सो कार्यविधि कार्यान्वयनमा ल्याइएको ऊर्जा मन्त्रालयले जनाएको छ।



**कोदोखेती:** ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका–३ सिकैंचा गाउँका किसानले गरेको कोदोखेती । स्वास्थ्यका लागि अत्यन्त उपयोगी मानिने कोदो बाली स्थानीय खाद्य सुरक्षाको महत्त्वपूर्ण स्रोत मानिन्छ । तस्बिरः दिलकुमार लिम्बु/रासस

# नेपाली माछाले बजार पाएन

चितवन, ३ मङ्सिर/रासस

भारतीय माछाका कारण नेपाली माछाले बजार नपाउँदा किसान चिन्तित बनेका छन् । सीमाबाट भन्सार छलेर आएका माछाका कारण यहाँ उत्पादित माछाले बजार पाउन नसकेको किसानहरूले गुनासो गरेका छन् ।

मत्स्य व्यवसायी सङ्घ चितवनका सचिव लुलाराज तामाङका अनुसार अहिले माछापालन गर्ने किसान माछा बिक्री नहुँदा निराश बनेका छन् । उनले भने, “अहिले मात्रै चितवनमा ३०० टन माछा बिक्रीका लागि तयारी अवस्थामा रहेको छ ।” बिक्रीका लागि तयारी अवस्थामा रहेका माछाले बजार नपाउँदा किसान आफैं भन्सार छलेर आएका माछाको निगरानीमा लागेका छन् ।

भन्सार छलेर आएका माछा सस्तो मूल्यमा पाइने र नेपाली माछाले सो मूल्यसँग प्रतिस्पर्धा गर्न नसकेको तामाङले बताए। काठमाडौंको बजारमा मात्रै दैनिक १५ टन माछा बिक्री हुने गरेको भएपनि अहिले नेपाली माछा नगन्यरूपमा मात्रै काठमाडौं भित्रिने गरेको उनले बताए । यहााको माछाको बजार काठमाडौं, पोखरालगायतका ठाउँ हुने गरेको भएपनि अहिले माछा खपत कम भएको सङ्घका सदस्य निरञ्जन थापाले बताए ।



थापाका अनुसार अहिले भन्सार छलेर आएका माछाको निगरानीका लागि काठमाडौं, पोखरा प्रवेश गर्ने नाकामा सशस्त्र प्रहरी बलको सहयोगमा निगरानी बढाइएको उनले बताए ।

मङ्सिर र पुस महीनाभित्र नेपाली उत्पादनलाई बजारमा लगिसक्नुपर्ने भन्दै उनले यस्तै अवस्था रहे नेपालको उत्पादनले बजार पाउन कठिन हुने गुनासो गरे । अहिले किसानकहाँ जलकपुर र पाङ्गास माछा तयारी अवस्थामा रहेका छन्।

जिल्लामा हाल ८०० भन्दा बढी हेक्टर क्षेत्रफल जलाशयमा माछा पालिंदै आएको छ । पशुसेवा कार्यालय तथा विज्ञ केन्द्र भरतपुरका मत्स्य विकास अधिकृत गङ्गा भण्डारीका अनुसार जिल्लामा हाल एक हजार १०५ हेक्टर क्षेत्रफलमा पोखरी निर्माण गरी माछा पालिंदै आएको छ ।

त्यसबाट ४६ लाख ५५ हजार किलो माछा उत्पादन हुने गरेको उनले बताए। उनले भने, “बजारमा माछा आउन थालेको छ, भारतीय माछाका कारण नेपाली माछाले बजार नपाउने समस्या बढ्दो छ।” भारतीय माछाको चोरी पैठारी रोक्न सरकारले काम गरिरहेको उनले बताए।

माडी, रत्ननगर, भरतपुरलगायत ठाउँ माछाका लागि पकेट क्षेत्रका रूपमा रहेका छन्। यस्तै, खैरहनी र राप्तीमा पनि माछापालन हुँदै आएको उनले बताए।




**वितरणका लागि बिरुवा उखेल्दै विद्यार्थी:** रामपुर नगरपालिकाले निर्माण गरेको उच्च प्रविधिको तरकारी (हाइटेक) टनेलमा उत्पादन गरिएको काउली, बन्दा र ब्रोकाउलीका बिरुवा किसानलाई वितरणका लागि कृषि प्रयोगात्मक प्रशिक्षणका प्रशिक्षार्थीले उखेल्दै । यहाँ बिरुवा ५० प्रतिशत अनुदानमा कृषि शाखाले वितरण गरिरहेको छ । तस्बिरः सुशीला रेग्मी/रासस

# महिला मृत्युदर घटाउन निशुल्क ‘एचपिभी’ खोप

काठमाडौं, ३ मङ्सिर/रासस

आगामी माघ २२ गतेदेखि देशैभर पाठेघरको मुखमा हुने क्यान्सरविरुद्धको ‘एचपिभी खोप’ निश्शुल्क दिइने भएको छ ।

पछिल्लो समय पाठेघरको मुखमा हुने क्यान्सरका कारण अकालमा मृत्यु हुनेको सङ्ख्या बढ्दो छ। उक्त जोखिम न्यूनीकरण गर्ने उद्देश्यले करीब १७ लाख किशोरीलाई खोप दिन लागिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।




मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले विश्व क्यान्सर दिवस (फेब्रुअरी ४) को सन्दर्भ पारेर विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १० सम्मका छात्रा र विद्यालय नजाने १० देखि १४ वर्ष उमेरका किशोरीलाई खोप दिन लागिएको जानकारी दिए । उनका अनुसार १६ लाख ८८ हजार ७६८ किशोरीलाई खोप दिइने लक्ष्य छ ।

उनले भने, “१७ लाख किशोरीलाई खोप लगाउने अनुमान गरेका छौं। सम्पूर्ण विद्यालय र स्वास्थ्य केन्द्र खोप केन्द्रको रूपमा प्रयोग हुनेछन्। यो खोप लगाएपछि ९० देखि ९५ प्रतिशतसम्म पाठेघरको मुखमा हुने क्यान्सरबाट सुरक्षित बनाउँछ।”

स्वास्थ्य सेवा विभाग अन्तर्गत परिवार कल्याण महाशाखाको खोप शाखा प्रमुख डा अभियान गौतमका अनुसार १८ हजार नौ सय विद्यालयमा खोप केन्द्र र आठ हजार दुई सय अन्य खोप केन्द्र रहनेछन् भने २७ हजार ८० जना स्वास्थ्यकर्मी परिचालित हुनेछन् । उक्त अभियानमा ५४ हजार १६० जना स्वयंसेवक खटाइनेछन्। १५ हजार ६७४ सुपरिवेक्षक संलग्न हुनेछन् ।

उनले भने, “यो विद्यालय केन्द्रित खोप अभियान हो। माघ २२ देखि फागुन ६ गतेसम्म देशभरि एकैपटक सञ्चालन गर्ने तयारीमा छौं ।”

**प्रत्येक दिन चार जनाको मृत्यु**

पाठेघरको मुखमा हुने क्यान्सरको बिरामीको सङ्ख्या र मृत्यु हुने सङ्ख्या नेपालमा बर्सेनि बढ्दै गएको छ। महिलामा हुने क्यान्सरमध्ये नेपालमा यो पहिलो स्थानमा र विश्वमा हुने क्यान्सरहरूमा यो चौथो स्थानमा छ ।

विश्व स्वास्थ्य सङ्गठनको सन् २०२० को तथ्याङ्क अनुसार यो क्यान्सर हरेक वर्ष पाँच लाख ७० हजार महिलालाई हुने र सन् २०३० सम्ममा सात लाखसम्म पुग्ने अनुमान गरिएको छ । त्यसैगरी, हरेक वर्ष तीन लाख ११ हजार महिला यसैका कारण मृत्यु हुने र सन् २०३० सम्ममा चार लाख पुग्ने अनुमान गरिएको छ ।

नेपालमा प्रत्येक दिन पाठेघरको मुखको क्यान्सरबाट चारजना महिलाको मृत्यु भइरहेको तथ्याङ्क छ । ‘ग्लोबल क्यान्सर अब्जरभेटरी २०२२’का अनुसार हरेक वर्ष नेपालमा दुई हजार १६९ जना महिलामा यस्तो क्यान्सर हुने अनुमान गरिएको छ। हरेक वर्ष एक हजार ३१३ जना महिलाको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुने र औसतमा प्रत्येक दिन चारजना महिलाको यो क्यान्सरबाट मृत्यु हुने अनुमान छ ।

पाठेघरको मुखको क्यान्सर निवारणलाई सरकारले प्राथमिकतामा राख्दै आएको छ। नीति तथा कार्यक्रममा यो विषय समावेश गरी तीनपटक घोषणा गरिसकेको छ। राष्ट्रिय खोप कार्यक्रममा एचपिभीलाई समावेश गर्न सरकारले आव २०७२/७३ र २०७३/७४ मा ‘ग्लोबल अलाएन्स फर भ्याकसिन्स एन्ड इम्युनिजेशन’ (गाभी)को सहयोगमा अध्ययनस्वरूप कास्की र चितवनमा सफलतापूर्वक ‘पाइलट कार्यक्रम’ सञ्चालन गरिसकेको छ । आव २०८०/८१ मा ‘डेमोन्स्ट्रेशन’को रूपमा हरेक प्रदेशका एक/एक वटा अस्पतालमा १० हजार किशोरीलाई यो खोपको दुई मात्रा दिइसकिएको छ ।

खोप शाखाले खोप सेवा सञ्चालन निर्देशिकामा आव २०८१/८२ स्वीकृत गरी खोप अभियान सञ्चालन र नियमित खोप सेवा सञ्चालनको तयारीमा गरेको छ। खोप शाखा प्रमुख डा गौतमले खोप यही पुसको मध्यसम्ममा आइपुग्ने बताए। उनका अनुसार खोप गाभी र नेपाल सरकारको संयुक्त सहकार्यमा आइरहेको छ। “अर्को वर्षदेखि माघ वा फागुनतिर हरेक वर्ष यसरी नै खोप दिइनेछ। यस अघि दुई मात्राको खोप दिएका थियौं । यसपटक एक मात्राको खोप लगाए पुग्ने छ,” उनले भने। यो अभियानका लागि १७ लाख ७० हजार २० मात्रा खोप छिट्टै आइपुग्ने उनको भनाइ छ ।

**के हो एचपिभी खोप ?**

चिकित्सकका अनुसार पाठेघरको मुखमा हुने क्यान्सरबाट बच्न सुरुआती अवस्थामा उपचार गर्न सकिएमा यसबाट बच्न सकिन्छ । पाठेघरको मुखमा हुने क्यान्सरबाट बचाउन यस भाइरसविरुद्ध दिइने खोप नै एचपिभी हो। पाठेघरको मुखको क्यान्सरको प्रमुख कारण एचपिभी नामक भाइरस हो । विश्व स्वास्थ्य सङ्गठनका अनुसार पाठेघरको मुखमा हुने क्यान्सरमध्ये ९५ प्रतिशतभन्दा बढी क्यान्सर एचपिभीले गराउँछ ।

नेपालमा ८० प्रतिशत पाठेघरको मुखको क्यान्सर एचपिभीको प्रजाति १६ र १८ बाट भएको देखिन्छ। यो रोगबाट बच्न एचपिभी खोप नै प्रमुख उपाय हो। यौनसम्पर्क भइनसकेका नौदेखि १४ वर्ष उमेर समूहका बालबालिकाका लागि विश्व स्वास्थ्य सङ्गठनले एचपिभीको खोप सिफारिश गरेको छ। यो खोप लगाएपछि क्यान्सर नै हुँदैन भन्ने नभए पनि जोखिमलाई धेरै हदसम्म घटाउँछ । क्यान्सर रोक्न नियमित स्क्रिनिङ आवश्यक रहने विशेषज्ञ चिकित्सकहरू बताउँछन् ।

सन् २०३० सम्म क्यान्सर निवारण गर्न विश्व स्वास्थ्य सङ्गठनले अन्तर्राष्ट्रिय रणनीति बनाएको छ । जसमा (९०–७०–९०) को लक्ष्य राखिएको छ। ९० प्रतिशत किशोरीलाई १५ वर्षको उमेरसम्म पूर्णरूपमा एचपिभी खोप लगाइसक्ने, ७० प्रतिशत महिलालाई ३५ वर्षसम्म एकपटक र ४५ वर्षसम्ममा पुनः परीक्षण गरिसक्ने, क्यान्सर पुष्टि भएका ९० प्रतिशत महिलाले उपचार पाउने र निको बनाउने लक्ष्य विश्व स्वास्थ्य सङ्गठनले लिएको छ ।

# धार्मिक आस्था र प्राकृतिक सौन्दर्यको अनुपम उपहार पाथीभरा

विचार
शीतल महतो
shitalmahato@gmail.com

**पाथीभरा देवीको उत्पत्तिसम्बन्धी थुप्रै किंवदन्ती तथा जनश्रुति छन् । पौराणिक मान्यता अनुसार पाथीभरा आसपासका गोठालाहरूले आफ्नो भेडीगोठ पाथीभरामा राखेका थिए । एक दिन अप्रत्याशित ढङ्गले हेर्दाहेर्दै ती गोठका बथानका बथान भेडाहरू अलप भए ।**

हिमालकै समीपमा उभिएको महसूस हुँदा कसको मन नरमाउला र ? पाथीभरा भगवती मन्दिर पुग्ने जोसुकैले यसैगरी हिमालको छेउमा उभिएको महसूस गर्न सक्छन् । धार्मिक मान्यता अनुसार पाथीभरा भगवतीले भक्तको इच्छापूर्ति गर्दिन्छिन्। मागेको कुरा पुग्ने जनविश्वास पनि छ। ताप्लेजुङ जिल्लास्थित पाथीभरा पर्वतको शिखरमा अवस्थित प्रसिद्ध तीर्थस्थल हो, पाथीभरा । यहाँ धार्मिक पर्यटकको मात्र घुइँचो लाग्ने गरेको छैन, मनोरम प्राकृतिक दृश्यावलोकन गर्नेहरूको पनि त्यत्तिकै घुइँचो लाग्ने गरेको छ । आस्था र विश्वासको महत्त्वपूर्ण धरोहरका रूपमा रहेको यो तीर्थस्थलमा एकपटक पुग्नैपर्ने मनोकाङ्क्षा प्रत्येक हिन्दू धर्मावलम्बीको हुन्छ। हिन्दू मात्र होइन, यहाँ बौद्ध र किराँत धर्म मान्नेहरू पनि उत्तिकै आस्थाका साथ पुग्ने गर्छन् । धार्मिक एवं ऐतिहासिकरूपमा महत्त्वपूर्ण पाथीभराको दर्शन गरे मनोकाङ्क्षा पूरा हुने जनविश्वासका साथ वर्षभरि नै तीर्थयात्रीको घुइँचो लाग्ने यस मन्दिरमा कुनै पनि जातजाति, धर्म र सम्प्रदायका मानिसलाई रोकावट छैन ।

पर्वतमा उत्पन्न भएकी देवी भन्ने अर्थमा यहाँकी देवलाई पाथीभरा देवी भनिएको हो । आसपासमा हिमाल, बीचमा थुम्को । चुलीसम्म भरिएको पाथीजस्तै डाँडा भएकोले पनि यसलाई पाथीभरा भनिएको हुनुपर्छ। अन्न भरेको पाथीझैं सुन्दर, मनमोहक आकृति बोकेको पाथीभरा पहाडको शिखरमा देवीको उत्पत्तिस्थल रहेकाले यो देवीको नाम पाथीभरा देवी भनेर श्रद्धा एवं भक्तिपूर्वक पुज्ने गरिन्छ। परापूर्वकालमा गाई/भेडा चराउने गोठालाहरूले स्थापना गरेको पाथीभरा देवी थान शक्ति उपासकहरूका लागि विशेष महत्त्व राख्छ । यहाँ अझै देवी मन्दिरको भवन बनेको छैन र देवी स्थानको रूपमैं यो तीर्थ रहेको छ । पाथीभरा देवी स्थाननजीकै २०७७ सालमा किराँत मन्दिरको पनि निर्माण गरिएको छ । यसको प्राङ्गणमा गुरु फाल्गुनन्दको पूर्णकदको सात फिट अग्लो ढुङ्गाको सालिक राखिएको छ। यसले पाथीभरा क्षेत्र लिम्बु जातिको पनि सामुदायिक आराध्यस्थल बन्न पुगेको छ । ताप्लेजुङका किराँत समुदायले पाथीभरा पहाडलाई ‘मुकुम्लुङ’ भन्छन् । लिम्बू भाषामा ‘मुकुम’को अर्थ शक्ति वा बल, ‘लुङ’को अर्थ ढुङ्गा भन्ने जनाउँछ। त्यसैले लिम्बु जातिले पाथीभरालाई शक्ति वा बलको स्रोत रूपमा पुज्छन् । बौद्धमार्गीले पनि पाथीभरा देवीप्रति आस्था र विश्वास राख्ने गर्छन् ।

**धार्मिक आस्थाका धरोहर पाथीभरा देवी उत्पत्तिको इतिहास**

पाथीभरा देवीको उत्पत्तिसम्बन्धी थुप्रै किंवदन्ती तथा जनश्रुति छन् । पौराणिक मान्यता अनुसार पाथीभरा आसपासका गोठालाहरूले आफ्नो भेडीगोठ पाथीभरामा राखेका थिए । एक दिन अप्रत्याशित ढङ्गले हेर्दाहेर्दै ती गोठका बथानका बथान भेडाहरू अलप भए । त्यस्तो अकल्पनीय घटनाले स्तब्ध भएका गोठालामध्येका एकले राति सपनामा



साक्षात् कालीको रूप देखेछन् । सपनामैं देवीले तिमीहरू नआत्तिनु, मलाई भेडाको बलि दिनु, हराएका तिम्रा भेडा पाउनेछौ र तिम्रो मनोकामना पनि पूरा हुनेछ भनिन्। ती गोठाला निद्राबाट ब्यूँझिएर हेर्दा आफ्ना हराएका सबै भेडा देखे । त्यसपछि गोठालाले भेडाको बलि दिएर त्यहाँ पूजाआजा गरी गोठ अन्यत्रै सारे । बलि दिएको भेडाको रगत बलिस्थलमा झर्नासाथ बालुवामा पानी हराएझैं हराउन पुग्यो ।

यो देखेर हर्ष एवं आश्चर्य मान्दै गोठालाहरूले देवीको जय जयकार गरे । त्यसै बेलादेखि पाथीभरा माताको पूजाअर्चना र बलिदान दिने प्रचलन शुरू भएको इतिहास छ । यसलाई श्रद्धालु भक्तजनले पाथीभरा माताको महिमाको रूपमा लिन्छन् । महाकाली, भद्रकाली, सिद्धकाली, श्वेतकाली र रक्तकाली गरी पाँचवटा रूप भएकी देवी भएकाले पाथीभरा भगवतीलाई पञ्चकन्या भगवती देवीको रूपमा मान्ने गरिएको छ । पाथीभरा देवीको निम्ति पशुबलि अनिवार्य नभए पनि बलि चढाउनु अति उत्तम मानिन्छ । बलिस्थलमैं रगत हराएको, सीमित रहेको जो कोही दर्शनार्थीले सजिलै अनुभव तथा अवलोकन गर्न सक्छन् । पाथीभरामा अवस्थित देवीको नाम ‘पञ्चकन्या कालिका’ हो । भोग बलि दिइने भएकाले यसलाई रक्तकाली पनि भन्ने गरिन्छ । त्यसैले पनि रक्तकालीलाई भक्तजनहरूले चढाएको बलि स्नेहपूर्वक ग्रहण गर्छिन् भन्ने जनधारणा पनि रहिआएको छ । काटमार नगर्नेहरू देवीलाई स्वादिष्ट फलफूल तथा मिठाइ चढाउँछन् । पाथीभरा देवीलाई अटल सौभाग्यकी प्रतीकको रूपमा मानिन्छ । त्यसैले सबै किसिमका श्रद्धालु भक्तजनले देवीलाई सिन्दुर, टीका, गाजल, काँइयोजस्ता सौन्दर्य प्रशाधनका सामग्री चढाउने गर्छन्।

१२ हजार फिट उचाइमा रहेको पाथीभरा मन्दिरमा प्रत्येक दिन नेपाल र छिमेकी मुलुक भारतका सयौं हिन्दू धर्मावलम्बीको भीड लाग्ने गर्छ। आफ्नो मनोकामना पूरा हुने इच्छा र विश्वासका साथ पाथीभरा देवीको दर्शनका लागि आउने श्रद्धालु भक्तजनको तल्लो फेदीमा लर्को देखिन्छ। तल्लो फेदीबाट पाँच/छ घण्टा उकालो हिंडेर पाथीभरा मन्दिर पुग्न सकिन्छ र बास बस्न पुनः फेदीमैं ओर्लिनुपर्छ भने कतिपय भक्तजनले दुई/तीन घण्टा हिंडेर माथिल्लो फेदीमा पुग्छन्। तीर्थयात्रीहरू रातिको बास बसेर भोलिपल्ट एकाबिहानै तीन/चार घण्टा हिंडेर मन्दिरमा पुग्ने र माताको पूजाअर्चना गरेर पुनः माथिल्लो फेदी हुँदै तल्लो फेदीमैं ओर्लिने गर्छन्।

**पाथीभरा मन्दिर कसरी जाने ?**

पाथीभराको यो पवित्रस्थल जिल्लाको सदरमुकाम फुङलिङबाट १९ दशमलव चार किमी पूर्वोत्तरतर्फ समुद्री सतहबाट तीन हजार ७९४ मिटर उचाइमा अवस्थित छ। पाथीभरा देवीको मन्दिर वरपरको तापमान प्रायः शून्यमा झर्ने गर्छ। तीर्थयात्री तथा पर्यटकहरूले लेक लाग्न र न्यून तापबाट जोगिन घरेलु उपचारको सामग्री जस्तै तातोपानी, भुटेको मकै, अदुवा, लसुन, गरम खाद्य तथा पेय पदार्थ र न्याना कपडाहरू लिएर जाने गर्छन्। पाथीभरा मन्दिर पुस र माघमा हिउँले सेताम्य हुन्छ भने अन्य समयमा पनि मौसम चीसो नै हुने गर्छ। त्यसैले पाथीभरा यात्राको लागि सबैभन्दा उपयुक्त समय भनेको भदौदेखि कात्तिकसम्म र फागुनदेखि जेठसम्म हो। यो समयमा आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्ने गर्छ। यो समयमा ऋतु परिवर्तन हुने भएकाले अत्यधिक चीसो नहुने, मौसम उचित हुने र वातावरण पनि सुन्दर हुने भएकाले यो समय पर्यटकको रोजाइमा पर्ने गर्छ।

झापाको बिर्तामोडबाट इलाम–फिदिम–हुँदै २७० किलोमिटर फुङलिङ मेची राजमार्गमा यात्रा गरी फुङलिङबाट सुकेटार–तल्लो फेदी–उपल्लो फेदी हुँदै पैदल हिंडेर पाथीभरा पुग्न सकिन्छ। अन्य मार्गमा धरानबाट धनकुटा–हिले हुँदै कोशी राजमार्गमा एक सय किलोमिटर यात्रा गरी वसन्तपुरबाट गुफापोखरी, गोर्गा दोभान हुँदै पैदल यात्रामा पुग्न सकिन्छ। फुङलिङ बजारबाट एक दिन पैदल हिंडेर पुग्न सकिने यो मन्दिरमा वर्षभरि भक्तजनको घुइँचो लाग्ने गर्छ। यसैगरी, काठमाडौंदेखि सुकेटारसम्म हवाईजहाज अथवा ताप्लेजुङ सदरमुकाम फुङलिङसम्म बसमा जान पनि सकिन्छ। ताप्लेजुङको फुङलिङ बजारबाट सुकेटार हुँदै पाथीभराको तल्लो फेदीसम्म सवारीसाधन जान्छ। अनि शुरू हुन्छ, पैदल यात्रा। सीधैं ठाडो उकालो भएकोले केही असहज भएपनि मन्दिर पुगेपछि स्वर्गीय आनन्द प्राप्त भएको अनुभूति मिल्छ। पाथीभरा क्षेत्रको तल्लो र माथिल्लो फेदीमा तीर्थयात्रीको सेवाका लागि प्रशस्त होटल, पसल खोलिएका छन्। बाटो सहज भएकाले देउराली, सुकेटार, फुङलिङमैं पनि फर्किएर बस्न सकिन्छ।

**नजीकै हिमाल तर पानीको समस्या**

पाथिभराको थुम्कोबाट हिमशृङ्खलाको दृश्य अत्यन्त मनमोहक देखिन्छ। यस्तो लाग्छ, मानौं हातले नै हिमाल छुन सकिन्छ। मनोरम दृश्यसमेत अवलोकन गर्न पाइने यो मन्दिर

(बाँकी पाँचौं पातामा)




**पुनर्निर्माण भइरहेको नुवाकोटको सातलले दरबारः** चीन सरकारको सहयोगमा पुनर्निर्माण भइरहेको नुवाकोटको सातलले दरबार । विसं २०७२ वैशाख १२ गतेको ‘गोरखा भूकम्प’ले क्षति पुऱ्याएको सातलले दरबारसहित यहाँका धार्मिक, सांस्कृतिक एवं पुरातात्त्विक महत्त्वका १० वटा संरचनाको ‘चाइनिज एकेडेमी अफ कल्चरल हेरिटेज’मार्फत पुनर्निर्माण भइरहेको छ । तस्बिरः रामहरि न्यौपाने/रासस

## फरक समाचार

### चन्द्रमामा नासाले ग्याँस पाइपलाइन बिछाउने

चन्द्रमामा मानिस बस्तीका लागि व्यवस्था र प्रतीक्षा लामो समयदेखि हुँदै आएको छ। अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले यस दिशामा एक कदम अघि



बढाउँदै चन्द्रमामा ग्याँस पाइपलाइन बिछाउने मिसन शुरू गर्ने निर्णय गरेको छ।

अमेरिकाको अन्तरिक्ष एजेन्सी नासा चन्द्रमामा नयाँ मिशन शुरू गर्ने तयारीमा छ।यदि यो मिसन सफल भयो भने चन्द्रमामा मानव बस्ती बसाल्ने दिशामा कोसेढुङ्गा साबित हुनेछ । यस परियोजना अन्तर्गत नासाले चन्द्रमाको दक्षिणी ध्रुवमा अक्सिजन ग्याँस पाइपलाइन बिछाउने छ।

नासाले यस परियोजनालाई आर्टेमिस नाम दिएको छ। यद्यपि यो मिसन निकै महँगो साबित हुन सक्छ । तर यसबाट चन्द्रमामा रहेको स्रोत साधनको उचित उपयोग गर्न सफल हुन सकिन्छ। चन्द्रमाको बरफबाट पानी निकालिने छ।

नासाले आर्टेमिस परियोजना अन्तर्गत लूनर साउथ पोल अक्सिजन पाइपलाइन (L–SPOP) बिछाउने छ।

यसका लागि नासाले चन्द्रमाको रेगोलिथबाट अक्सिजन र चन्द्रमाको बरफबाट पानी निकाल्ने प्रविधि विकासमा लगानी गर्दैछ। त्यसपछि नासाले ग्याँस पाइपलाइन परियोजनामा लगानी गर्नेछ। कन्टेनरमा भरेर त्यहाँ अक्सिजन पठाइने छ।

सन् २०२६ सम्म नासाले आर्टेमिस परियोजना अन्तर्गत ग्याँस पाइपलाइन मिसन पूरा गर्ने लक्ष्य राख्न सक्छ। यस परियोजनाका लागि नासाले अक्सिजनलाई बोतलबन्द र तरलरूपमा सङ्कलन गर्न शुरू गरिसकेको छ।

त्यसपछि आफ्नो योजना अनुसार ती कन्टेनरहरू चन्द्रमाको सतहमा लगिने छन्। यद्यपि यस्तो गर्नु निकै महँगो साबित हुनेछ, तर यदि नासाले यसमा सफलता पायो भने चन्द्रमामा मानव बस्ती बसाल्ने दिशामा यो कोसेढुङ्गा हुनेछ।

**छ किलोमिटर लामो ग्याँस पाइपलाइन**

नासाले छ किलोमिटर लामो पाइपलाइन बिछाउने कल्पना गरेको छ। L–SPOP अन्तर्गत नासाले चन्द्रमाको रेगोलिथबाट उत्पन्न धातुहरूको प्रयोग गरी रोबोट बनाउने छ। त्यसपछि करिब २ किलोग्राम प्रतिघण्टाको दरले अक्सिजन प्रवाहित गरिने छ।

यसले चन्द्रमामा बस्नका लागि आवश्यक न्यूनतम बिजुली आपूर्ति पनि हुनेछ।

यसको मद्दतले मानिस कुनै समस्याविना करीब १० वर्षसम्म चन्द्रमामा बस्न सक्नेछ।

### यी पाँच सङ्केतले खुलासा गर्नेछन्, सम्बन्धबारे

सम्बन्ध जीवनको महत्त्वपूर्ण हिस्सा हो , तर कहिलेकाहीं यस्तो समय आउँछ जब सम्बन्ध बचाउन गाह्रो हुन्छ। भावनात्मक दूरी र लगातारका समस्याहरूले सम्बन्ध बचाउन असम्भव हुन सक्छ। सम्बन्धमा उतारचढाव हुनु सामान्य कुरा हो, तर जब समस्या अत्यधिक बढ्न थाल्छ र प्रेम, विश्वास तथा समझदारीको ठाउँ टाढापन र विवादले लिन्छ, तब यो सम्बन्ध समाप्त हुने स्थितिमा पुग्न सक्छ। के तपाईंको सम्बन्धमा पनि यस्तै केही भइरहेको छ ? यदि हो भने, तपाईंले समयमैं यसलाई बुझ्ने र सुधार्ने प्रयास गर्नुपर्छ।



केही यस्ता सङ्केतहरू हुन्छन्, जसले यो देखाउँछ कि सम्बन्ध अब टुट्न लागेको छ। यहाँ हामी तपाईंलाई यस्ता छ महत्त्वपूर्ण सङ्केतबारे बताउने छौं, जसले सम्बन्धको भविष्यमा प्रश्न खडा गर्न सक्छ।

**१. संवादको अभाव**

सम्बन्धको आधार संवादमा अडेको हुन्छ। यदि तपाईं दुवैबीच संवाद लगभग समाप्त भएको छ र कुरा गर्दा मात्र झगडा हुन्छ भने यो ठूलो सङ्केत हो कि सम्बन्ध टुट्ने दिशामा गइरहेको छ।

**२. भावनात्मक दूरी**

जब तपाईं दुवैबीच भावनात्मक सम्बन्ध समाप्त हुन्छ र एकअर्काको ख्याल गर्न छोड्नुहुन्छ भने, यो सङ्केत हो कि तपाईंको सम्बन्ध गम्भीर सङ्कटमा छ।

**३. एकअर्काप्रति सम्मानको अभाव**

यदि सम्बन्धमा अपमानजनक शब्द, घोचपेंच र होच्याउने प्रवृत्ति देखिन्छ भने, यो स्पष्ट सङ्केत हो कि सम्बन्ध अब स्वस्थ छैन। किनकि सम्मानविना कुनै पनि सम्बन्ध लामो समयसम्म टिक्न सक्दैन।

**४. भविष्यबारे असहमति**

सम्बन्धमा दुवै व्यक्ति एउटै दिशामा अघि बढ्नु आवश्यक छ। यदि तपाईं दुवै भविष्यबारे पूर्णरूपमा फरक सोच्नुहुन्छ र त्यसमा तालमेल मिलाउन असम्भव देखिन्छ भने, यो सम्बन्ध समाप्त हुने दिशामा छ।

**५. बारम्बार उही समस्या**

यदि बारम्बार एउटै मुद्दामा झगडा भइरहेको छ र समस्याको कुनै समाधान निस्किन सकिरहेको छैन भने यसले तपाईं दुवैबीच तालमेल समाप्त भएको देखाउँछ।

**अब के गर्ने ?**

यदि यी सङ्केतहरू तपाईंको जीवनमा मिल्दाजुल्दा छन् भने यो समय आफैंसँग इमानदारीपूर्वक कुरा गर्ने हो।

सम्बन्ध जोगाउन परामर्श लिनुहोस्, तर यदि अवस्थामा सुधारको सङ्केत देखिंदैन भने आफूलाई अघि बढ्ने अवसर दिनुहोस्।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# जलवायु वार्तामा गतिरोध तोड्न जी–२० मा आशा

बाकु, ३ मङ्सिर/एएफपी

राष्ट्रहरू सोमवार गतिरोधमा परेको संयुक्त राष्ट्रसङ्घीय जलवायु वार्तामा फर्किंदैछन्। संसारको अर्को छेउमा भेला भएका जी–२० नेताहरूले गरीब देशहरूका लागि सम्झौतामा समर्थन जुटाउने आशा गरिएको छ।

अजरबैजानको क्याभर्नस स्टेडियममा दुई हप्ताको सौदाबाजीको आधा समय बित्दा पनि कूटनीतिज्ञहरू कोप–२९ को सफलता वा असफलतालाई परिभाषित गर्ने सम्झौता नजीक पुग्न सकेका छैनन्।




बाकुमा वार्ताको जिम्मा लिने सरकारी मन्त्रीहरूसँग विकासशील विश्वलाई विश्वव्यापी तापक्रम वृद्धिको सामना गर्न आवश्यक पर्ने पैसा कसरी उपलब्ध गराउने भन्ने गतिरोध तोड्न शुक्रवारसम्मको समय छ।

वार्षिक शिखर सम्मेलनका लागि ब्रजीलमा भेला हुँदा जी–२० नेताहरूमाथि रोकिएको प्रक्रियालाई समर्थन गर्न दबाब बढिरहेको छ।

"कोप–२९ को सफल नतीजा अझै पनि सम्भव छ तर यसका लागि नेतृत्व र समझदारी, विशेषगरी जी–२० देशहरूबाट आवश्यक पर्छ"–संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले आइतवार रियो डी जेनेरियोमा भने। गुटेर्रेस विश्वको सबैभन्दा ठूला अर्थतन्त्रहरूको समूह जी–२० शिखर सम्मेलनमा सहभागी छन्।

"स्वाभाविकरूपमा जी–२० मा ध्यान केन्द्रित छ। उनीहरूले विश्वव्यापी उत्सर्जनको ८० प्रतिशत हिस्सा ओगट्छन्"– समूहलाई 'उदाहरण बनेर नेतृत्व गर्न' आह्वान गर्दै उनले भने।

**आयोजकमाथि दबाब**

संयुक्त राज्य अमेरिकामा डोनाल्ड ट्रम्पको पुनर्निर्वाचनको छायामा सम्मेलन शुरू भयो र विश्वव्यापी जलवायु लडाइँका लागि समर्थन जुटाउने प्रयासले अर्जेन्टिनाको प्रतिनिधिमण्डल शिखर सम्मेलनबाट फिर्ता भएपछि अर्को धक्का खायो।

कोप–२९ मा झन्डै दुई सय राष्ट्र विकासोन्मुख देशहरूलाई 'हिट–ट्र्यापिङ' ग्याँस उत्सर्जन कटौती गर्न र बढ्दो जलवायु धक्काविरुद्ध लचिलोपन निर्माण गर्न पर्याप्त रकम उपलब्ध गराउने नयाँ सम्झौताका लागि वार्ता गरिरहेका छन्।

चीनबाहेक विकासोन्मुख देशहरूको आवश्यकता मूल्याङ्कन गर्न संयुक्त राष्ट्रसङ्घद्वारा नियुक्त स्वतन्त्र अर्थशास्त्रीहरूका अनुसार यसका लागि दशकको अन्त्यसम्म वार्षिक १० खर्ब डलर बाह्य सहायता आवश्यक पर्नेछ।

जलवायु–जोखिममा रहेका राष्ट्रहरूले यसको एक हिस्सा विकसित देशहरूले तिर्नुपर्ने चाहन्छन् तर दाताहरू एक्लैले त्यो रकम जुटाउन नसक्ने र निजी क्षेत्र पनि संलग्न हुनुपर्ने बताउँछन्।

उनीहरूले जलवायु वित्त तिर्न बाध्य नभएका धनी उदीयमान अर्थतन्त्रहरू विशेषगरी चीनले पनि बोझ बाँड्नुपर्ने चाहन्छन्।

युरोपेली सङ्घ अन्तर्राष्ट्रिय जलवायु वित्तको सबैभन्दा ठूलो योगदानकर्ता हो तर यसले राजनीतिक र बजेट दबाबको सामना गरिरहेको छ र ट्रम्प अन्तर्गत अमेरिकाले भुक्तानी गर्न अस्वीकार गरेमा एक्लै पर्न सक्छ।

बाकुमा भएको सौदाबाजी हिमनदी जस्तै सुस्त छ तर चिनियाँ र युरोपेली अधिकारीहरूबीच भएको बैठकलाई अन्यथा निराशाजनक हप्तामा आशाको किरण मानिएको छ।

पर्यवेक्षकहरूका अनुसार वर्षौं यताकै सबैभन्दा जटिल मानिएको जलवायु वार्ताको नेतृत्व गर्न महत्त्वपूर्ण नेतृत्वको आवश्यकता रहेको बेला कोप–२९ को आयोजक अजरबैजानसँग कूटनीतिक अनुभवको कमी छ।

अजरबैजानका राष्ट्रपति इल्हाम अलियेभ जीवाश्म इन्धनको बचाउ गरेकोमा आलोचनामा परे। त्यस्तै फ्रान्सको औपनिवेशिक इतिहासबारे उनको आक्रामक टिप्पणीका कारण पेरिसका जलवायु दूतले बाकुको टिकट रद्द गरे।

वित्तीय गतिरोधका अतिरिक्त कोप–२९ मा देशहरूले गत वर्षको ऐतिहासिक विश्वलाई जीवाश्म इन्धनबाट टाढा लैजाने प्रतिबद्धता पुनः दोहोर्‍याउने छ कि छैन भन्ने विवाद पनि उठिरहेको छ।

पहिलो दिन कोप–२९ को औपचारिक एजेन्डामा यो विषय समावेश गर्ने कि नगर्ने भन्ने विवादले शिखर सम्मेलनको शुरूआत नै केही घण्टा ढिला भएको थियो।

"हामी अत्यन्त निराश छौं, उत्सर्जन कटौतीका प्रयासहरू कोप–२९ मा खाली पृष्ठभन्दा बढी केही थिएनन्"–युरोपेली सङ्घको तर्फबाट बोल्दै भेरोनिका स्कोलाज्स्टिका बागीले भने। रासस

# प्रदूषणका कारण भारतको राजधानीमा विद्यालयहरू बन्द

नयाँ दिल्ली, ३ मङ्सिर/एएफपी

भारतको राजधानी नयाँ दिल्लीले बढ्दो विषाक्त धूवाँका कारण सोमवारदेखि अर्को सूचना नहुँदासम्म विद्यालयहरूलाई अनलाइन कक्षामा रूपान्तरण गरेको छ। यो विशाल महानगरको स्वास्थ्य सङ्कट कम गर्ने पछिल्लो प्रयास हो।

आइतवार साँझ विश्व स्वास्थ्य सङ्गठनले सिफारिश गरेको दैनिक अधिकतम मात्राभन्दा ५७ गुणा बढी पिएम २.५ प्रदूषकहरू (फोक्सोमार्फत रक्त प्रवाहमा प्रवेश गर्ने खतरनाक क्यान्सर–कारक सूक्ष्म कणहरू) रेकर्ड गरिएको थियो।

सोमवार बिहान यो मात्रा चेतावनी सीमाभन्दा करीब ३९ गुणा माथि थियो र शहर बाक्लो खैरो र पीडादायक धूवाँले ढाकिएको थियो।

यो शहर प्रत्येक वर्ष पीडादायक धूवाँले ढाकिने गर्दछ। विशेषगरी छिमेकी क्षेत्रहरूमा किसानहरूले जोत्नका लागि आफ्ना खेतहरू सफा गर्न पराल डढाउने, साथै कारखाना र सवारी साधनको धूवाँलाई दोष दिइन्छ।

हावाको गुणस्तर 'अझ बिग्रनबाट रोक्ने प्रयासमा' शहरका अधिकारीहरूले यी प्रतिबन्ध लगाएका हुन्। अधिकारीहरूले बच्चाहरूलाई घरमैं राखेर सवारी साधनको चाप उल्लेख्य रूपमा घटाउन सकिने आशा राखेका छन्।

"कक्षा १० र १२ बाहेक सबै विद्यार्थीका लागि भौतिक कक्षा बन्द गरिने छ"–मुख्यमन्त्री आतिशीले आइतवार राति जारी गरेको विज्ञप्तिमा भनिएको छ।

प्राथमिक विद्यालयहरूलाई बिहीवार व्यक्तिगत कक्षाहरू बन्द गर्न आदेश दिइएको थियो। सोमवार डिजेल सञ्चालित ट्रक र निर्माण कार्य सीमित गर्ने लगायत थप प्रतिबन्धहरू लगाइएको छ।

सरकारले बालबालिका र वृद्धवृद्धाका साथै फोक्सो वा मुटुको समस्या भएका व्यक्तिहरूलाई 'सकेसम्म घरभित्रै बस्न' आग्रह गरेको छ।

शहरका धेरैले एयर फिल्टर किन्न सक्दैनन्। उनीहरूसँग समयभन्दा अघि नै मृत्यु हुने कारण मानिएको दुर्गन्धित हावाबाट प्रभावकारीरूपमा जोगिन सक्ने घरहरू पनि छैनन्।

यी आदेश सोमवार बिहानदेखि लागू भएका छन्। तीन करोडभन्दा बढी मानिस बस्ने नयाँ दिल्ली र यसको वरिपरिको महानगरीय क्षेत्र हिउँदमा वायु प्रदूषणको विश्व र्‍याङ्किङमा लगातार शीर्ष स्थानमा रहन्छ।

चीसो तापक्रम र सुस्त गतिको हावाले हरेक हिउँदको मध्य अक्टोबरदेखि कम्तीमा जनवरीसम्म घातक प्रदूषक तत्त्वहरूलाई समातेर स्थिति झन् खराब बनाउँछ।

भारतको सर्वोच्च अदालतले गत महीना स्वच्छ हावा मौलिक मानव अधिकार भएको फैसला गर्दै केन्द्र सरकार र राज्यस्तरका अधिकारीहरू दुवैलाई कारबाही गर्न आदेश दिएको थियो। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – मित्रमिलन | वृष – अतिथिआगमन |
| मिथुन – सुयश | कर्कट – अलमल |
| सिंह – धनलाभ | कन्या – सफलता |
| तुला – राज्यभय | वृश्चिक – वादविवाद |
| धनु – व्यापारवृद्धि | मकर – शत्रुभय |
| कुम्भ – चोरभय | मीन – उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**दागबत्ती दिंदै:** पूर्वसभामुख दमननाथ ढुङ्गानाको पार्थिव शरीरमा सोमवार पशुपति आर्यघाटमा दागबत्ती दिंदै छोराहरू। कलेजोसँग सम्बन्धित समस्याका कारण केही समयदेखि उपचाररत पूर्वसभामुख ढुङ्गानाको बानेश्वरस्थित फ्रन्टलाइन अस्पतालमा ८३ वर्षको उमेरमा हिजो आइतवार दिउँसो निधन भएको हो। तस्बिरः रत्न श्रेष्ठ/रासस

## चलचित्र हेरेपछि ...

यसको पुष्टि गरिसकेको छ।

अहिले पूर्णबहादुरको सारङ्गी भनौं या विजय बरालको सारङ्गी पर्यायवाची जस्तै छ। किनकि चलचित्रमा विजय बराल आफू हराएर पूर्णबहादुर पात्रका रूपमा उत्रिएका छन्। सायद उनी ओशोले कलाकारको सन्दर्भमा भनेको भनाइबाट प्रभावित छन्। कुनै सन्दर्भमा ओशोले भनेका थिए, "जीवन अभिनय गरे जस्तै गरी जिउनु र अभिनय जीवन जिए जस्तै गरी गर्नु !" बरालले दिलोज्यान लगाएर यस फिल्ममा पात्र अनुकूल अभियन गरेका छन् तर प्रश्न यतिमैं टुङ्गिदैन। एउटा चलचित्र के हो ? कल्पना, यथार्थ घटना, समाजको ऐना, रूपान्तरणको प्रयास वा व्यापार ?

साहित्यकार अमर न्यौपानले किताब जात्राको छैटौं संस्करणको संवादका क्रममा भनेका छन् कि साहित्य समाजको ऐना हो भनेर मात्रै पुग्दैन, समाज रूपान्तरण र परिवर्तनका आधार सिर्जना गर्ने क्रान्ति पनि हो। लेखक न्यौपानेको बुझाइ सापटी लिने हो भने पूर्णबहादुरको सारङ्गी रूपान्तरण र क्रान्तिभाव जागरणमा चुकेको छ। समाजको अत्यन्त पिंधमा पारिएका दलित समुदायको प्रतिनिधित्व गर्ने पात्र हो, पूर्णबहादुर। उसले आफू अपमानित भइरहेको समाजबाट उन्मुक्त हुन नसकेको बेला छोराको चम्किलो भविष्य कसरी पूरा गर्न सक्छ ? चलचित्रले यो प्रश्नलाई भगवान्भरोसे छोडिदिएको छ।

छोराले पूर्णबहादुरलाई पटकपटक सोध्छ, "तिमीलाई किन हेप्छन् बा ?" खासमा चलचित्रले यसको उत्तर दिनुपर्ने हो तर एउटा गाइने समुदायको गरीबी देखाएर मानवीय संवेदना बटुल्न खोज्दै चलचित्र व्यावसायिक बनाउनु न्यायोचित होइन। चलचित्रले उठाउने मुद्दा र पात्रहरूमा सकारात्मक रूपान्तरण ल्याउन जरुरी थियो, यदि साहित्य रूपान्तरणको आधार हो भने। चलचित्र समाजको दर्पण मात्रै हो भने त्यो दर्पण नेपाली समाजलाई देखाइरहन जरुरी छैन, थिएन। हाम्रो समाजले जातीय तथा लैङ्गिक आधारमा हुने हिंसा र अपमान, गरीबी, सीमान्तकृत हुनुको पीडाबारे हाम्रो समुदाय बेखबर वा अनजान छैन। बरु त्यो पीडा 'कठै' वा 'बिचरा'मा सीमित छ। अझ अगाडि भन्ने हो भने यो विचारमा मात्रै कैद छ। गणतान्त्रिक शासन व्यवस्था अपनाएको डेढ दशक नाघेको समाजले अब ती दलित र सीमान्तकृत पात्रलाई बिचरा वा कठै वा विचारमा होइन, राज्य र समुदायले उसमाथि गर्दै आएको विभेदको आत्मग्लानि महसूस गरी व्यवहारमैं सुध्रिएको महसूस गर्न वा गराउन जरुरी छ।

हामीले भुल्नुहुँदैन, पूर्णबहादुरले सारङ्गी बजाएर कला पस्किएको यो समाजले कहिल्यै इज्जत गरेन। बरु त्यही पूर्णबहादुरलाई मगन्ते बनाएको छ। जुन समाजले सारङ्गी बजाउनेलाई मगन्ते भन्दै आएकै थियो, त्यही यथार्थ देखाइएको छ। खाँचो त पूर्णबहादुर मगन्ते होइनन्, उनी एक अब्बल र कर्मशील कलाकार हुन् भनेर साबित गराउनु थियो। चलचित्रमा पूर्णबहादुरले छोरालाई पढाएर चिकित्सक बनाएपछि उसले भोगे जस्तै अपमान र विभेद के अब उसको छोराले सहनुपर्दैन ? भन्ने जवाफको थियो।

हाम्रो समाजमा प्रशस्तै घटना घटिरहेका छन्, जातका आधारमा। यो 'ब्राह्मणवादी' सोचको पराकाष्ठा हो।




सारङ्गीकै कारण उसमाथि जातीय विभेदको चरम प्रताडणा सहन बाध्य पारेको छ। र यदाकदा भन्ने गरिन्छ, "दलित समुदायले आफ्नो जात, थर र पेशामाथि गर्व गर्न सिक्नुपर्छ।" चलचित्र पूर्णबहादुरको सारङ्गीले पनि चिकित्साशास्त्र पढेपछि छोरोले गौरवका साथ सारङ्गी समाएको दृश्य देखिन्छ। कुनै पनि सम्प्रदायको जात, धर्म र थरमाथि न कथित दलित न कथित गैरदलित। कसैले न घृणा गर्न जरुरी छ, न गर्व नै। यो मानवले आर्जेको कुनै पनि तत्त्व होइन, केवल मान्यताबाहेक तर त्यही थर, जात र पेशाले मान्छेको अस्तित्वमाथि नै प्रश्न गर्ने अवस्था सिर्जना हुन्छ भने त्यो सारङ्गी पुस्तान्तरण गर्नुको कुनै अर्थ छैन।

दलित अधिकारकर्मी भन्छन्, "कथित दलित समुदायमाथिका विभेद राज्यद्वारा नीतिबद्ध बनाएर गरिएको विभेद हो। पूर्णबहादुर कुशल कला साधक हुन्। उनी सिर्जना सुनाएर आयआर्जन गर्छन्। उनी मगन्ते होइनन्।" हो, चलचित्रले समाजमा विद्यमान यो सोच चिरेर मान्छेले मान्छेमाथि गरिएको अमानवीय आचरणप्रति लज्जाबोध गराउनुपर्ने अहम् मुद्दालाई चलचित्रका निर्देशक सरोज पौडेलले बेवास्ता गरेको देखिन्छ।

आँसु बेच्न सजिलो छ, यदि ढङ्ग पुग्यो भने। पूर्णबहादुरको सारङ्गीले नेपाली चलचित्रको इतिहास नै रच्यो यस हिसाबले। अभियनले रुवाएको चलचित्रमा विषयवस्तु भने कुनै अनौठो र अपरिचित होइन। दलित समुदायको रोदनलाई सिंढी बनाएर सत्तामा पुगेपछि सबै भुले जस्तै चलचित्र पूर्णबहादुरको सारङ्गीले पनि समाजको चरम विभेदमा परेको समुदायमाथि न्याय गर्ने उद्देश्य गौण ठानेको देखिन्छ। कलाकारको अभिनयले रोदनको व्यापार गर्दैमा चलचित्रले इतिहास रच्न सक्छ तर सफल र चमत्कारपूर्ण चलचित्र भन्न सुहाउँदैन। पूर्णबहादुरको सारङ्गीले उठाउनुपर्ने थुप्रै सामाजिक मुद्दा कलाकारको आँसुसँगै विलीन भएका छन्। अर्थहीन भएका छन्।

## धार्मिक आस्था ...

परिसरबाट विश्वको तेस्रो तथा नेपालको दोस्रो अग्लो कञ्चनजङ्घा (८,५८६ मिटर) हिमाल आँखै अगाडि देखिन्छ। साथै यहाँबाट आठ हजार ४६३ मिटर उचाइ भएको मकालु, सात हजार ७१० मिटर र आठ हजार ५१६ मिटर अग्लो लोत्सेका साथै कुम्भकर्ण हिमाल देखिन्छ।

यसैगरी, यहाँबाट सात हजार ९०३ मिटर अग्लो काङबाचेन, सात हजार ८५५ मिटर अग्लो नोत्से, सात हजार ४४२ मिटर अग्लो डोम हिमाल आँखै अगाडि देख्न सकिन्छ। साँच्चै भन्नुपर्दा यी हिमशृङ्लाहरूको अलौकिक दृश्यले सम्मोहित भई जोसुकैलाई पनि स्वर्गीय आनन्दको अनुभूति हुन्छ।

पाथीभरा मन्दिरमा सबैभन्दा ठूलो समस्या भनेको पानी हो। मन्दिर परिसरमा पानीको स्रोत नहुँदा भक्तजन तथा मन्दिरका पुजारीलगायत सुरक्षाकर्मीलाई समस्या छ। मन्दिर परिसरबाट तीन किमी तल रहेको काफ्लेपाटीबाट पानी ल्याउनुपर्ने बाध्यता छ। पाथीभरा देवी विश्वास आस्था एवं पवित्रताकी देवी भएकाले यहाँ गर्भवती, रजस्वला (नछुने वा पर सरेकी) भएकी महिला, बरखी बारेको, मनमा लोभ, पाप बोकेको मान्छे गएको खण्डमा उनीहरूको ठूलो क्षति हुने जनधारणा रहिआएको छ।

धर्म र आस्थाको यस सङ्गमस्थलमा पाथीभरा मन्दिरमा दर्शन गर्ने आउने श्रद्धालु भक्तजनको हातमा प्रसादस्वरूप नरिवल, लड्डू र फूलमालासँगै देवीलाई ओढाउने चुँदरी लिएर दर्शनका लागि लामबद्ध भएर उभिएको दृश्यले त्यहाँ पुग्ने जोकोहीमा पनि धार्मिक आस्था बढेर आउँछ। पाथीभरामा भगवतीको पूजा गरेर चण्डीपाठ गर्ने, हवन गर्ने शास्त्रीय पद्धति र बलि दिएर पूजा गर्ने पद्धति चलिआएको छ। धार्मिकरूपले मात्रै नभई पाथीभरा प्राकृतिक विविधताको क्षेत्र भएकाले यस क्षेत्रको महत्त्व झन् बढ्दै गएको छ। विभिन्न प्रजातिका बोटबिरुवा, जडीबुटी र दुर्लभ वन्यजन्तु रेडपाण्डासमेत पाथीभरा क्षेत्रमा पाइन्छन्।

# अयोध्यामा तिलकोत्सव सम्पन्न

## मुख्यमन्त्रीले भारतीय पक्षलाई निम्तो दिए

प्रस, जनकपुरधाम, ३ मङ्सिर/
मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले सोमवार उत्तर प्रदेशको अयोध्याधाममा आयोजित तिलकोत्सव समारोहमा भारतीय पक्षलाई निम्तोपत्र हस्तान्तरण गरेका छन् ।

विश्व हिन्दू परिषद् नेपाल धनुषाले सोमवार अयोध्याधाममा तिलकोत्सव समारोह आयोजना गरेको थियो । समारोहमा मुख्यमन्त्री सिंहले राममन्दिर ट्रस्टका महासचिव चम्पत रायलाई निमन्त्रणपत्र हस्तान्तरण गरेका हुन् ।

सो अवसरमा मुख्यमन्त्री सिंहले नेपाल र भारतबीच पौराणिककालदेखि आर्थिक, सामाजिक, धार्मिक र रोटीबेटीको सम्बन्ध रहेकाले आगामी दिनमा यो सम्बन्ध थप प्रगाढ बन्दै जाने विश्वास व्यक्त गरे । उनले विवाहपञ्चमी समारोह हर्षोल्लासका साथ मनाउन नेपाल र भारतका नागरिकले खेलेको भूमिका प्रशंसनीय रहेको बताए ।

राममन्दिर ट्रस्टका महासचिव रायले जनकपुरधाम र अयोध्याको सम्बन्धलाई थप प्रगाढ बनाउन नेपाल र भारत सरकारका साथै नागरिक तहमा रहेको सम्बन्ध महत्त्वपूर्ण रहेको बताए । उनले विवाहपञ्चमीको महत्त्व बढाउन दुवै देशका सरकारले सहयोग गर्नुपर्ने धारणा राखे ।




तिलकोत्सव समारोहका लागि मुख्यमन्त्री सिंहको नेतृत्वमा मधेस प्रदेशका वन तथा वातावरण मन्त्री त्रिभुवन साह, गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखी, श्रम तथा यातायात मन्त्री कौशलकिशोर राय, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री सकिल अलि मियाँ, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री शत्रुध्नप्रसाद सिंह, प्रदेशसभा सदस्य रूपा यादव, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज साहलगायत २५१ जनाको टोली अयोध्या पुगेको थियो ।

यही मङ्सिर २१ गते जनकपुरधाममा रामजानकी विवाहपञ्चमी हुँदैछ ।


## मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले,

- शरीरका विभिन्न अङ्गमा क्षति पुऱ्याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउँछ ।

**त्यसैले मधुमेहबाट बच्न,**

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य (ग्लुकोज) परिकार कम खाऔं,
- पेय पदार्थ, जङ्क फूड तथा तारेका, भुटेका पदार्थहरू नखाऔं,
- धूमपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरू नखाऔं,
- तनाव व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## जनकपुरका शैक्षिक संस्था अनिश्चितकालीन बन्द

प्रस, जनकपुरधाम, ३ मङ्सिर/
जनकपुरधामस्थित संस्थागत शैक्षिक संस्थाहरू सोमवारदेखि अनिश्चितकालका लागि बन्द भएका छन् । आवासीय विद्यालयहरूको तीनवटा छाता सङ्गठनले संयुक्त विज्ञप्ति प्रकाशित गरी बन्दको घोषणा गरेका हुन् ।

छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीहरूको शुल्कको विषयलाई लिएर संस्थागत विद्यालयका छाता सङ्गठन हिसान, प्याब्सन र एनप्याब्सनले संयुक्त विज्ञप्ति जारी गरी अनिश्चितकालीन शैक्षिक संस्था बन्दको आह्वान गरेका हुन् ।

संस्थागत विद्यालयमा अध्ययन गर्ने कक्षा ११ र १२ का विद्यार्थीको छात्रवृत्तिलगायत अन्य शुल्कको विषयमा जनकपुरधाम उपमहानगरपालिका र नेपाल विद्यार्थी सङ्घबीच भएको सहमति तथा निर्णय फिर्ता हुनुपर्ने संस्थागत विद्यालयका छाता सङ्गठनहरूको माग छ ।

'छात्रवृत्ति वितरण व्यवस्थापन कार्यविधि २०७४' बमोजिम छात्रवृत्तिमा छनोट विद्यार्थीहरूलाई कक्षा ११ र १२ मा छात्रवृत्ति दिन आफूहरू तयार रहेको तर सोविपरीतका निर्णय एवं निर्देशन मान्न आफूहरू असहमत रहेको संस्थागत विद्यालयहरूको अडान छ ।

कार्यविधि २०७४ बमोजिम सिफारिश भएका विद्यार्थीहरूबाट भर्ना शुल्क, मासिक शुल्क र परीक्षा शुल्कबाहेक अन्य शुल्क लिन सक्ने व्यवस्था रहेको र सोही अनुसार गर्दै आए पनि २०८१/०७/१४ गते फरक किसिमको निर्णय भई आएको हुँदा सो शुल्कमा पढाउन नसकिने विज्ञप्तिमा उल्लेख छ ।

नेविसङ्घ र उपमहानगरपालिकाबीच सहमति भएपछि उक्त सहमति निजी विद्यालयहरूमाथि जबरजस्ती लाद्न उपमहानगर पालिकाले प्रयास गरिरहेको र यस सम्बन्धमा पटकपटक पालिका नगरप्रमुखसँग कुरा गर्दासमेत नसुनेको हुँदा आफूहरू बाध्य भएर शैक्षिक संस्था बन्द गर्नुपरेको विज्ञप्तिमा उल्लेख छ ।

# खेलकूदको संसार

## रक्सौलकी गुप्ता बिहार यू-१५ की उपकप्तान

प्रस, रक्सौल, ३ मङ्सिर/
छिमेकी भारत रक्सौलकी अक्षरा गुप्ता बिहार यू-१५ की उपकप्तान घोषित भएकी छन् ।

भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बिसिसिआई)ले उनलाई बिहार महिला यू-१५ को उपकप्तानको जिम्मेवारी दिंदै शिमोगामा हुने प्रतियोगितामा सहभागी गराएको छ । शिमोगामा हुने महिला यू-१५ मा सहभागिता जनाउन रक्सौलकी गुप्ता त्यसतर्फ प्रस्थान गरिसकेकी छन् ।

रक्सौलवासीहरूले उनको सफलताको कामनासहित देशको नाम अन्तर्राष्ट्रियस्तरमा फैलाउन शुभकामना दिएका छन् ।

## कर्पोरेट सुपरसिक्स क्रिकेटः ओम्नी विजयी

प्रस, वीरगंज, ३ मङ्सिर/
वीरगंजस्थित आदर्शनगर रङ्गशालामा जारी कर्पोरेट सुपर सिक्स क्रिकेट प्रतियोगितामा सोमवार ओम्नी ग्रुप विजयी भएको छ ।

चार समूहमध्ये समूह 'डी'बाट ओम्नी र सुप्रिमबीच सोमवार आदर्शनगर रङ्गशालामा भएको खेलमा ओम्नी ग्रुप दुई रनले विजयी भएको हो ।

सुप्रिमले पहिले ब्याटिङ गर्दै ५६ रन बनाएको थियो । ५७ रनको लक्ष्य ओम्नीले चार बल बाँकी पूरा गरेर विजयी भयो । लायन्स क्लब अफ वीरगंज र स्पोर्ट्स एकेडेमी संयुक्त आयोजनामा कर्पोरेट सुपर सिक्स क्रिकेट प्रतियोगिता शनिवारदेखि



सञ्चालनमा छ । प्रतियोगितामा समूह 'ए'बाट सिद्धार्थ बैंक र 'बी'बाट हिमालयन बैंक लिमिटेड सेमिफाइनलमा पुगिसकेका छन् ।

भोलिको खेल समूह 'डी'को अग्नि ग्रुप र ओम्नीबीच प्रतिस्पर्धा हुने लायन्स क्लब अफ वीरगंजका नरोत्तम पाण्डेले बताए । प्रतियोगितामा वीरगंजका वाणिज्य बैंक, बीमा कम्पनी, विकास बैंक तथा औद्योगिक प्रतिष्ठान गरी १६ वटा टीम सहभागी छन् ।

## क्रिकेटर पूजाको शोभायात्रा

महोत्तरी, ३ मङ्सिर/रासस
यू-१९ नेपाली महिला क्रिकेट टीमकी कप्तान पूजा महतोको आज पैत्रिक नगरमा शोभायात्रा निकालिएको छ । हालै यू-१९ अन्तर्गत टी-२० एशिया कप छनोट प्रतियोगिता जितेर विश्वकपमा छनोट भएको उक्त टोलीकी कप्तान पूजाको जिल्लाको गौशाला नगरपालिका तथा स्थानीयले शोभायात्रा गराएका हुन् ।

गौशाला-९ की कप्तान पूजा, उनका पिता रञ्जीत महतो, बाजेबज्यै र परिवारका अन्य सदस्यहरूलाई सजाइएको सवारीमा राखेर नगरपरिक्रमा गराइएको थियो । पूजाको शोभायात्रामा गौशाला-२ घर भएका प्रतिनिधिसभाका सांसद लक्ष्मी महतो, नगरप्रमुख डा दीपेन्द्र महतो, स्थानीय जनप्रतिनिधि, स्थानीय बासिन्दालगायत सहभागी थिए ।

पूजाले आफ्नो ठाउँ, सिङ्गो मधेस मात्र नभई देशको पहिचान बढाएकाले शोभायात्रा गरिएको प्रतिनिधिसभाकी सांसद महतोले बताइन् । सयौं नगरवासीको सहभागिता रहेको उक्त शोभायात्रा गौशाला नगरपालिकाका १२ वटै वडाबस्तीमा घुमाएर गौशाला-११ इमलीबजारमा समापन गरिएको हो ।

युएईमा सम्पन्न छनोट प्रतियोगिता जितेर शुक्रवार घर आइपुगेकी पूजालाई बधाई दिन र हौसला प्रदान गर्नेहरूको जमघटले हिजोआज उनको घर भरिभराउ हुन्छ । पूजालाई कुशवाहा कल्याण समाज महोत्तरीका प्रतिनिधिले घरमा पुगेर



रु ५१ हजार नगदसहित कदरपत्र प्रदान गरेर सम्मान गरिसकेका छन् ।

यसैगरी, प्रत्येक दिन राजनीतिक दल, सामाजिक सङ्घसंस्थाका प्रतिनिधिले पूजालाई उच्च मनोबलका साथ विश्वकप खेल्न हौसला दिने गरेका छन् । उनलाई आज साँझ भेटेर पूर्वमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का उपमहासचिव गिरिराजमणि पोखरेलले सफलताप्रति बधाई ज्ञापन गरे ।

आफ्नो टीमको सफलताप्रति सबै क्षेत्रबाट प्राप्त हौसला र चासोले आगामी खेलमा उत्कृष्टता देखाउन प्रेरणा मिलेको पूजाले बताइन् । "युएईमा छनोट प्रतिस्पर्धामा सहभागी भइरहँदा सम्पूर्ण नेपालीले हामीलाई हेर्दै हुनुहुन्छ भन्ने विश्वास थियो । यही विश्वास र हौसलाले हामीलाई उत्कृष्ट खेल प्रदर्शन गर्न उत्साहित बनाएको हो," उनले भने, "विश्वकपको उपाधि जित्नु अबको हाम्रो लक्ष्य हो ।"

छनोट प्रतियोगिता जितेर गत बिहीवार टीमसहित स्वदेश फर्केकी पूजा आफ्नो घर नपुग्दै मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले आफ्ना प्रतिनिधि पठाइ नेपालको विश्वकप प्रवेश सुनिश्चित भएको खुशी उनका परिवारजनमा पुऱ्याएका थिए । सो दिन नै उनको बस्ती डुमरवानामा साँझ दीपावली गरी खुशी मनाइएको थियो ।

शुक्रवार घर पुगेकी पूजालाई भेट्ने सबैले छनोट प्रतियोगिताको सफलताका लागि बधाई ज्ञापन गर्दै आगामी खेलयात्रा अझ सशक्त बन्ने हौसला दिंदै आएका छन् । "अहिले हामीप्रति आमरूपमा दर्शाइएको सकारात्मक चासोले अब झन् राम्रो गर्नैपर्ने दायित्वबोध भएको छ," पूजा भन्छिन्, "सबैको प्रेम र हौसलाले ऊर्जा थपेको छ, हाम्रो टीमले एशिया कप र विश्वकपमा राम्रो प्रदर्शन गर्नेछ ।"

युएईमा भएको यू-१९ अन्तर्गत टी-२० क्रिकेटको एशियाकप छनोट खेलमा कुवेत र युएईसँगको प्रतिस्पर्धामा नेपाली महिला टीमले उत्कृष्टता प्रदर्शन गर्दै छनोट खेलमा सफलता प्राप्त गरेको थियो ।

नेपाली क्रिकेट महिला टीमको यो सफलतामा आमरूपमा व्यक्त चासोले आफ्नी छोरीले देशका लागि केही गर्दैछन् भन्ने विश्वास जागेको उनका पिता रञ्जीतले बताए । "पूजा अब देशकी छोरी हुन्, यिनलाई तपाईंहरूको आर्शीवाद र माया सधैं आवश्यक पर्छ," उनले भने, "यिनले देशको नाम विश्वसम्म परिचित गराउने विश्वास हामीले लिएका छौं ।"

रञ्जीतका तीन छोरी र एक छोरासहित चार सन्तानमा जेठी छोरी अञ्जुबाहेक सबै क्रिकेट खेलाडी हुन् । माहिली छोरी पूजाको सफलताले कान्छी आरती र सबैभन्दा कान्छा छोरा कृष्ण पनि खेलप्रति थप उत्साहित र आशावादी भएका छन् ।